## विशेष इजलास

१

**मा.न्या. श्री खिलराज रेग्मी, मा.न्या.श्री तपबहादुर मगर र मा.न्या. श्री ताहिर अली अन्सारी,** रिट नं. ०६५-WS-००२६, उत्प्रेषण परमादेश समेत, *सुनीता खनाल समेत वि. प्र.म.. तथा मन्त्रिपरिषद् कार्यालय समेत*

सहायक चौथो तहमा तह मिलान भएका निवेदिकाहरू स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६ र २९ बमोजिमको प्रक्रियाबाट बढुवा भएको अवस्थामा नभई ऐनको दफा ९ को उपदफा (७क) को खण्ड (ड) बमोजिमको आधार र अवस्थाबाट स्तरवृद्धि भएको देखिन्छ । ऐनको दफा ९ को मूल शीर्षक नै स्तरवृद्धि (अपग्रेड) भन्ने रहेको र यो अवस्था खासगरी एउटै तहको पदमा निश्चित कार्यविधि पूरा गरेका कर्मचारीलाई न्यूनतम् शैक्षिक योग्यता नभए पनि सोही पदको माथिल्लो तहमा स्तरवृद्धि गर्ने कानूनी व्यवस्था देखिन्छ । स्तर वृद्धिसम्बन्धी व्यवस्था माथिल्लो पदमा बढुवा हुने व्यवस्था नभै बढुवामा पर्न नसकेका कर्मचारीलाई सोही पदको माथिल्लो तहको सुविधा प्रदान गरी प्रोत्साहित गर्ने वैकल्पिक व्यवस्थासम्म देखिन आउँछ । त्यसैले स्तरवृद्धि पाउन बढुवाको लागि नियमको अनुसूची ७ मा तोकिएजस्तो न्यूनतम् शैक्षिक योग्यता आवश्यक पर्ने देखिँदैन । त्यसैगरी ऐनको दफा २९ मा उल्लेख भएबमोजिमका कार्य सम्पादन मूल्याङ्कन, भौगोलिक क्षेत्रमा काम गरेको अनुभवलगायतका अन्य पूर्वाधार पूरा गरिरहनु नपर्ने ।

इजलास अधिकृत : नारायण सुवेदी
कम्प्युटर : मुकुन्द बिष्ट
इति संवत् २०६६ साल फागुन २० गते रोज ५ शुभम् ।

## पूर्ण इजलास

१

**मा.न्या श्री खिलराज रेग्मी, मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६४ सालको रिट नं. ००२०, उत्प्रेषण, *बलराम न्यौपाने वि. व्यवस्थापिका संसद समेत*

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ४९ अनुसार इजाजत प्राप्त संस्थाको काम कारवाही नियमित वा व्यवस्थित गर्ने र सो सम्बन्धमा आवश्यक नियम बनाउन र आदेश, निर्देशन र सूचना तथा परिपत्र जारी गर्नसक्ने अधिकार नेपाल राष्ट्र बैंकलाई भएको देखिँदा यसरी राष्ट्र बैंक ऐन, २०५८ अन्तर्गतको अधिकार प्रयोग गरी कम्पनी ऐनले व्यवस्था गरेको प्रावधान कार्यान्वयन गराउने सिलसिलामा एउटा नियमनकारी संस्थाको हैसियतले जारी गरेको नेपाल राष्ट्र बैंकको निर्देशनलाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृत : कृष्णमुरारी सिवाकोटी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०६६ साल फागुन १३ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**सं.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** स.फौ.पु. नं. ०४८९, कर्तव्य ज्यान, *रामगोपाल कुर्मी समेत वि. नेपाल सरकार*

प्रतिवादी सहजराम कुर्मीले निसन्तान रहेका भाउजू सुर्ता कुर्मीको नाउँमा रहेको सम्पत्ति बहिनीको छोरी लीलावती केरातीलाई दिन लागेको हुँदा निजलाई नै मारी लाश बेपत्ता पारी सम्पत्ति खाने मनसायले पूर्व योजना बनाई यी प्रतिवादी रामगोपाल कुर्मी, जवाहिरलाल कुर्मी, पुत्तन दर्जी समेत भई राति मृतक सुतिरहेको स्थानमा गई निजको हात खुट्टा समाती मुख थुनी निजकै धोतीले घाँटी कसेर मारी लाश दबाउने नियत राखी मीलको चक्कीमा डोरीले बाँधी बोरामा हाली डुडुवा नालाको पानीमा फालेको भनी प्रतिवादीहरू रामगोपाल कुर्मी र पुत्तन दर्जी समेतलाई पोल गरेको र निज प्रतिवादीहरू सहजराम कुर्मीको पोललाई जाहेरी दर्खास्त, जाहेरवालाले अदालतमा गरेको बकपत्र, लाश जाँच प्रकृति मुचुल्का, घटनास्थलबाट बरामद भएको मीलको चक्की एवं डोरी समेतबाट समर्थित भएको देखिँदा प्रतिवादीहरू

रामगोपाल कुर्मी, जवाहिरलाल कुर्मी र पुत्तन दर्जी समेतले आरोपित कसूर गरेको तथ्य स्थापित हुन आएको देखिँदा अभियोग दावीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ।
इजलास अधिकृतः हरि कोइराला
कम्प्युटर : सुन्दरबहादुर कार्की
इति संवत् २०६७ साल असार ९ गते रोज ४ शुभम् ।

२

**सं.प्र.न्या श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री रणबहादुर बम,** २०६६ सालको स.फौ.पु.नं. ०६५-CR-०५९९, कर्तव्य ज्यान, *लीलबहादुर भण्डारी वि. नेपाल सरकार*

वारदातमा बञ्चरो प्रयोग भएको, ७९ वर्षको बृद्ध मृतकलाई आफूले माथिबाट धकेली दिएको र कुलोमा लडेको अवस्थामा मृतक बाबुलाई उठाउने कुरामा यी प्रतिवादी मौकामा साविती रहेका र जाहेरवाला झमबहादुर र मौकामा बुझिएका रूकबहादुर बि.क. को बकपत्र समेतबाट उक्त घटना एवं तथ्यलाई समर्थित गरेको अवस्था छ । मृतकको शव परीक्षण प्रतिवेदनमा Choped Wound भनी उल्लेख भएबाट समेत प्रतिवादी लीलबहादुरले मृतकको टाउकोमा बञ्चरोले हानेको सांघातिक चोटबाट नै मृतकको मृत्यु भएको पुष्टि हुन आउँछ । यसरी बृद्ध व्यक्तिलाई कुटपीट गरी लडाएपछि उठाई बचाउन कोसिस गर्नुपर्नेमा सो केही नगरी मृतकलाई लडेकै ठाउँमा छोडी प्रतिवादी घटनास्थलबाट हिडी गएको कार्यबाट निज प्रतिवादीको दुरासय थिएन भन्न सक्ने अवस्था नहुँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ।
इजलास अधिकृत : हरि कोइराला
कम्प्युटर : मुकुन्द बिष्ट
इति संवत् २०६७ असार ९ गते रोज ४ शुभम् ।

३

**सं.प्र.न्या श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६४ सालको दे.पु. नं. ०३४६, निषेधाज्ञा, *विनय रेग्मी वि. राजीब विक्रम शाह*

कि.नं. १९४ को ४-१४-३-१ जग्गामध्ये पूर्व तर्फबाट १-०-० जग्गा बिन्दुदेवी राणाले मिति २०३८।७।२ को हालैदेखिको बकसपत्रबाट गीता राणाबाट प्राप्त गरेको कुरामा विवाद नभएको र जग्गामा घर बनाउन गीतादेवीले मञ्जूरी समेत दिएको र उक्त जग्गा समेत बिन्दुदेवी राणाले निवेदक प्रत्यर्थी राजीव राणालाई मिति २०६१।७।२६ मा अष्टलौह समेत गरी शेषपछिको बकसपत्र पारित गरी दिएकाले उक्त सम्पत्ति निवेदक प्रत्यर्थी हकको भएको देखिनाले सो १-०-०-० जग्गासम्म लिलाम बिक्री नगर्नु नगराउनु भनी विपक्षीहरूको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ।
इजलास अधिकृत : हरि कोइराला
कम्प्युटर : मुकुन्द बिष्ट
इति संवत् २०६७ साल असार १० गते रोज ५ शुभम् ।

४

**सं.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६६ सालको दे.पु.नं ०६४०, निषेधाज्ञा समेत, *झपडप्रसाद काफ्ले वि. अरूण फाइनान्स एण्ड सेभिङ्ग लि. प्र.का. धरान समेत*

यिनै पुनरावेदकले यसै विषयमा प्रस्तुत मुद्दाका प्रत्यर्थीहरूउपर यही जग्गाको विषयमा सुनसरी जिल्ला अदालतसमक्ष दायर गरेको लिखत बदर एवं कीर्ते जालसाज मुद्दाबाट नै निवेदन दावीको विषयमा निराकरण हुन हुनसक्ने हुँदा प्रस्तुत मुद्दामा पुनरावेदक निवेदकको मागबमोजिम निषेधाज्ञायुक्त परमादेशको जारी गरिरहनु नपर्ने ।
इजलास अधिकृत : हरि कोइराला
कम्प्युटरः मुकुन्द बिष्ट
इति संवत् २०६७ साल असार १० गते रोज ५ शुभम् ।

५

**सं.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६३ सालको दे.पु.नं. ०२७३, परमादेश, *बीरबहादुर चन्द वि. रामप्रकटसिँह ठाकुर*

निवेदक राम प्रकट सिँह ठाकुरले आफ्नो नाउँमा दर्ता गरेको जग्गा धितो जमानत राखी २०५४ सालमा राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय नेपालगञ्जबाट कर्जा लिई मिति २०५८।५।३१ मा सम्पूर्ण रकम चुक्ता गर्दा समेत

रोक्का रहेको जग्गा फुकुवा नगरी निवेदकको छोरा राकेश सिँह ठाकुरले विपक्षी बैंकसँग लिएको ऋण असूल नहोला भन्ने अन्दाज गरी एकासगोलमा रहेको छोरा राकेश सिँह ठाकुरले लिएको कर्जा रकम चुक्ता नगरेको भनी निवेदक रामप्रकट सिँह ठाकुरको नाउँको जग्गा फूकुवा नगरी दिने राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय नेपालगञ्जको कार्य कानूनसम्मत नदेखिँदा रोक्का फुकुवा गरी दिनु भनी विपक्षी राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, नेपालगञ्जको नाउँमा परमादेशको आदेश जारी हुने ठहरी पुनरावेदन अदालतबाट भएको आदेश मिलेकै देखिने ।

इजलास अधिकृत : हरि कोइराला

कम्प्युटर : मुकुन्द बिष्ट

संवत् २०६७ साल असार १० गते रोज ५ शुभम् ।

६

**सं.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६३ सालको दे.पु.न. ०१७५, परमादेश, *मोहनकृष्ण सापकोटा वि. अमरकान्त झा*

कुनै पनि व्यक्ति वा नागरिक समाज समेतको तर्फबाट आफूसमक्ष परेको उजूरी निवेदनउपर कानूनबमोजिम कारवाही गर्नुपर्ने वा नपर्ने के हो सो सम्बन्धमा उचित निकासा दिनुपर्ने दायित्व जिल्ला प्रशासन कार्यालयको भएकोमा निवेदकहरूले दिएको निवेदनउपर जिल्ला प्रशासन कार्यालय सप्तरीबाट उचित निकास दिएको अवस्था नदेखिँदा सो उजूरीसम्बन्धमा कारवाही हुने नहुने के हो सो सम्बन्धमा उचित निकासा सोही कार्यालयबाट दिनुपर्ने देखिएकोले प्रत्यर्थीहरूले जिल्ला प्रशासन कार्यालय सप्तरीमा दिएको उजूरी निवेदनउपर ३० दिनभित्र कारवाही गरी निकासा दिनु भनी परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः मुकुन्द बिष्ट

संवत् २०६७ साल असार १० गते रोज ५ शुभम् ।

७

**सं.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६२ सालको दे.पु.न. ८०७०, परमादेश, *पवनकुमार अग्रवाल वि. जिल्ला विकास समिति बाँके समेत*

निवेदकले जुन कामको निमित्त जेथा जमानी राखेको हो सोको रकम असूलउपर नभएको अवस्थामा निजको जेथा जमानी निष्प्रयोजन भएको भन्न नसकिने ।

इजलास अधिकृत : हरि कोइराला

कम्प्युटर : मुकुन्द बिष्ट

संवत् २०६७ साल असार १० गते रोज ५ शुभम् ।

८

**सं.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६४ सालको दे.पु.न. ००६३, निषेधाज्ञा, *गंगाराम लोनिया वि. भूमिसुधार कार्यालय बाँके समेत*

विवादित कि.नं. ४५५ को ०-११-० जग्गाको सम्बन्धमा निवेदक वादी र प्रतिवादी विपक्षी बाबुराम लोध र सीताराम लोध समेत भएको दे.पु.नं. ९१ को मोही नामसारी मुद्दामा भूमिसुधार कार्यालय बाँकेले वादी दावी नपुग्ने गरी भएको फैसलालाई सदर हुने ठहऱ्याई पुनरावेदन अदालत नेपालगञ्जबाट फैसला भएको मिसिलबाट देखिँदा दावीको जग्गामा निवेदक गंगाराम लोनियाको हक भोग उक्त मुद्दाबाट देखिनुको साथै साधिकार निकायबाट कानूनबमोजिम भएको काम कारवाहीलाई निषेधाज्ञाको मार्गबाट संकुचित गरी हस्तक्षेप गर्न नमिल्ने ।

इजलास अधिकृत : हरि कोइराला

कम्प्युटर : मुकुन्द बिष्ट

संवत् २०६७ साल असार १० गते रोज ५ शुभम् ।

९

**सं.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६४ सालको दे.पु.न. ०५४८, निषेधाज्ञा, *रामकुमार कहार वि. सदिक अहमद हलवाई*

नक्सा मुचुल्का हेर्दा नक्सा नं. ५ विवादित जग्गामा विपक्षीले पर्खाल उठाएको र न.नं. ५'क' मा १.५० मीटर चौडाईको कोलिया बाटो विपक्षीले बन्द गरेको भन्ने निवेदक र सो नभै आफ्नै जग्गामा जग उठाई सकेको भन्ने देखिन आउँछ । जुन पर्खाल

लगाउने प्रबल आशंका देखाई कोलिया बाटो बन्द हुने गरी पर्खाल नउठाउनु भनी विपक्षीको नाउँमा निषेधाज्ञाको आदेश जारी गरिपाऊँ भनी दावी लिएको हो सो पर्खाल निर्माण कार्य सम्पन्न भैसकेको अवस्थामा निवेदन माग दावीबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : हरि कोइराला

कम्प्युटर : मुकुन्द बिष्ट

संवत् २०६७ साल असार १० गते रोज ५ शुभम् ।

१०

**सं.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** २०६५ सालको रि.नं. ००९२, उत्प्रेषणयुक्त प्रतिषेध, *नरेशमान शाक्य समेत वि. ओम शिवा बहुमुखी सहकारी सस्था लिमिटेड ललितपुर समेत*

ऋण प्रदायकले धितो लिएको सम्पत्तिको ऋण प्रदायकले नै निर्धारण गरेको मूल्य अदालतका लागि विचारबस्तु बन्न सक्दछ । तर ऋणीले नै स्वघोषणा गरेको धितो सम्पत्तिको मूल्य अदालतका लागि विचारवस्तु बन्न सक्दैन । समग्रमा ऋण प्रदायकले कानूनी कार्यविधिको परिपालना नगरी ऋणीको साम्पत्तिक हकमा आघात पुऱ्याउने उद्देश्य नै राखी काम कारवाही गरिएको देखिएको अवस्थामा बाहेक लिलामी प्रक्रिया न्यायिक परीक्षणको विषय बन्न नसक्ने ।

विपक्षी ओम शिवा बहुमुखी सहकारी संस्था लिमिटेडबाट लिलामीको कारवाही गर्दा कानूनबमोजिम स्थानीय निकाय एवं सरकारी कार्यालयका प्रतिनिधि समेतको रोहबरमा पञ्चकीर्ते मूल्य समेत तोकी निवेदकलाई सूचना दिने, तिर्नुपर्ने रकम तिर्ने बुझाउने पर्याप्त अवसर दिने समेतका सम्पूर्ण कार्य सम्पन्न गरी ऋण प्रवाह गर्ने उद्देश्यले धितोको गरिएको मूल्याङ्कन र पञ्चकीर्ते मूल्याङ्कन भन्दा बढी रकममा कानूनद्वारा निर्धारित सम्पूर्ण लिलामी प्रक्रिया पूरा गरी निवेदकको सम्पत्ति लिएको देखिँदा माग दावीबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : हरि कोइराला

कम्प्युटर : मुकुन्द बिष्ट

संवत् २०६७ साल जेठ ११ गते रोज ३ शुभम् ।

- यसै लगाउको २०६४ सालको रि.नं. १०३३, उत्प्रेषणयुक्त प्रतिषेध, *नरेशमान शाक्य समेत वि. ओम शिवा बहुमुखी सहकारी सस्था लिमिटेड समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

११

**सं.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** २०६५ सालको दे.पु.नं. १०४७, परमादेश, *नरेशमान शाक्य समेत वि. ओम शिवा बहुमुखी सहकारी सस्था लिमिटेड ललितपुर समेत*

कान्तिपुर दैनिकमा प्रकाशित सूचनाअनुसार धितो लिलामीको कार्य रोक्का गरिपाऊँ भनी निवेदन दिएकोमा प्रत्यर्थी ओम शिवा बहुमुखी सरकारी संस्था लिमिटेडसँग निवेदकले लिएको कर्जा असूलीको क्रममा आफ्नो जिम्मामा रहेको धितो सम्पत्ति लिलाम गर्ने प्रक्रियाको लागि निवेदकसमेतको जानकारीको निमित्त प्रकाशित गरेको सूचनामा आशंकाको स्थिति नदेखिने ।

इजलास अधिकृत : हरि कोइराला

कम्प्युटर : मुकुन्द बिष्ट

इति संवत् २०६७ सादल जेठ ११ गते रोज ३ शुभम् ।

१२

**सं.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** २०६५ सालको रिट नं. ०६१४, उत्प्रेषण, *श्यामसुन्दर पञ्जियार वि. जिल्ला शिक्षा कार्यालय, सिराहा समेत*

नेपालको अन्तरिम संविधान, १०६३ को धारा २७ ले, "प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने हक हुनेछ" भन्ने संवैधानिक व्यवस्था गरेको छ । जिल्लाभित्र अवस्थित सार्वजनिक विद्यालयमा कार्यरत् सम्पूर्ण शिक्षकहरूको सरूवा लगायतको व्यवस्थापन एव नियन्त्रण गर्ने जिम्मेवार निकाय अर्थात् जिल्ला शिक्षा कार्यालय एउटा विद्यालयमा कार्यरत् शिक्षकलाई सोही जिल्लाभित्रको अर्को विद्यालयमा सरूवा गर्ने कार्यबाट निवेदकको संविधान प्रदत्त सूचनासम्बन्धी मौलिक हकमा बन्देज लाग्न गयो भनी भन्न नसकिने ।

इजलास अधिकृतः हरि कोइराला

इति संवत् २०६७ साल जेठ ११ गते रोज ३ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गौरी ढकाल,** २०६५ सालको फौ.पु.नं. ००६१, कीर्ते जालसाजी, *कृष्णानन्द झा वि. राजु पाण्डे समेत*

धितो मूल्याङ्कन गरी ऋण स्वीकृत गर्ने समेतका कार्यमा संलग्न रहेका बैंकका कर्मचारीहरूले उक्त धितो राखेको जेथाको यकीन नाप नक्सा तथा स्थलगत निरीक्षण अवलोकन गरी साबुत बेसाबुत के छ सो हेरी उक्त जेथाले खाम्ने भए मात्र धितो सुरक्षण राखी कर्जा प्रवाह गर्नुपर्नेमा सोबमोजिमको दायित्व पूरा नगरी प्रतिवादी राजु पाण्डेले पेश गरेको कीर्ते नक्सालाई आधार लिई निजले दिएको धितोलाई स्वीकार गरी बैंकलाई हानी नोक्सानी हुने र निज प्रतिवादी राजु पाण्डेलाई फाइदा हुने गरी कर्जा प्रवाह गरेको देखिन आएको अवस्थामा त्यस्तो कर्जा प्रवाह गर्ने कार्यमा संलग्न रहेका बैंकका कर्मचारीहरूले असल नियतबाट सो कर्जा प्रवाह गर्ने कार्य गरेका रहेछन् अर्थात् आफ्नो जिम्मेवारीअनुरूपको दायित्व तथा कर्तव्य निर्वाह गरेका रहेछन् भनी भन्न मिल्ने अवस्था पनि नरहेको र कर्जा प्रवाह गर्ने क्रममा संलग्न रहेका बैंकको कर्मचारीहरूलाई सम्बन्धित बैंकले नै आवश्यक कारवाही गर्नुपर्ने ।

इजलास अधिकृत : विष्णुप्रसाद अर्याल

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६७ साल बैशाख २ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गौरी ढकाल,** २०६४ सालको फौ.पु.नं. ००८१, वन पैदावारको अवैध कटानी र ओसार पसार, *नेपाल सरकार वि. भरेन राजवंशी समेत*

सहअभियुक्तहरूले उक्त काठ निज प्रतिवादीको समीलमा चिरानको लागि लगेको हो भनी बयान गर्दैमा अर्थात् यी प्रतिवादीले समील राखेको र सो समीलमा चिरानको लागि लगेको भन्ने एकमात्र आधारलाई लिएर निज प्रतिवादीको समेत कसूरमा संलग्नता रहेको थियो भन्नु न्यायोचित नहुने ।

बरामद भएका ट्रकहरू निज प्रतिवादी चैतु राजबंशी र भरेन राजबंशीकै जिम्मामा रही निजहरूले नै प्रयोग गरी आएको भन्ने देखिन आएको अवस्थामा सो ट्रकमा निजहरूले के कस्तो सामान ओसारपसार गरेका थिए भन्ने कुरा यी प्रतिवादी ट्रकधनीहरूलाई थाहा जानकारी थियो अर्थात् निजहरूको समेत उक्त कसूरमा संलग्नता थियो भनी बिनाआधार प्रमाण अनुमानकै भरमा दोषी ठहऱ्याई सजाय गर्न नमिल्ने ।

आ-आफ्नो ट्रकमा बोकेको काठको परिमाण भन्दा बढीमा अथात् कसूरको मात्रा भन्दा बढीमा कसूर गरेको ठहऱ्याई सजाय गर्नु कानून तथा फौजदारी न्यायको सर्वमान्य सिद्धान्त समेतको विपरीत हुन जाने ।

इजलास अधिकृत : विष्णुप्रसाद अर्याल

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०६७ साल बैशाख २ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गौरी ढकाल,** २०६५ सालको फौ.पु.नं. ०११४, तमसुक कीर्ते, *महम्मद जलिल तेली वि. विजयप्रताप पुरी*

कपाली तमसुकमा लागेको ल्याप्चे र हस्ताक्षर सहिछाप र वादी विजयप्रताप पुरीबाट लिइएको नमूना ल्याप्चे र हस्ताक्षर सहिछाप यस अदालतको लेखा तथा रेखा विशेषज्ञबाट जाँच गर्दा उक्त कपाली तमसुकमा लागेको कारणीको ल्याप्चे छापको देखिएको जात भेटिएको रेखाका गुणहरू आपसमा फरक-फरक भई नभिडेको, कपाली तमसुकको कारणीको हस्ताक्षर सहीसँग नमूना हस्ताक्षर सही आपसमा भिडाउँदा देखिएको, लेखन गुण र मूल स्वभाव आपसमा फरक-फरक भै नभिडेको भन्ने विशेषज्ञको राय प्रतिवेदनअनुरूपको बन्द सवालद्वारा बकपत्र समेत गरेको देखिन आएको परिप्रेक्ष्यमा उक्त विवादित कपाली तमसुकमा लागेको कारणीको सहिछाप वादीकै रहेछ भनी भन्न नमिल्ने ।

इजलास अधिकृत : विष्णुप्रसाद अर्याल

इति संवत् २०६७ साल बैशाख २ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गौरी ढकाल,** २०६३ सालको दे.पु.नं. ५४५, अवण्डा जग्गा बण्डा छुट्टयाई अंश हक कायम, *विश्वनाथ साह कलवार वि. रामचन्द्रप्रसाद कलवार*

बण्डापत्रमा अबण्डा भनी नजनिएको सम्पत्ति कुनै अंशियारको नाउँमा दर्ता कायम रहेको छ भने त्यो सम्पत्ति बण्डा गर्ने नगर्ने भन्ने कुराको निर्णय गर्ने अधिकार सम्बन्धित पक्षमा नै निहित रहन जाने ।

अचल सम्पत्ति राजीखुशीसाथ अंशियार बीच बण्डा गर्दैमा त्यस्तो अंशियारले निजी आर्जन तथा स्रोतबाट खरीद गरेको अन्य सम्पत्ति समेतबाट त्यस्तो अंशियारलाई बण्डा दिन पक्ष बाध्य हुन्छ भनेर भन्न नमिल्ने र लिखतमा एकासगोलको अंशियार भनी साक्षी नराखेको अवस्थामा कुनै अंशियारले बेचबिखन तथा बकस गरी दिँदा अर्को अंशियार साक्षी राखेको भन्दैमा अंशियारहरू एकासगोलमा रही बसी आएका रहेछन् भनी अनुमान गर्न पनि नमिल्ने र त्यस्तो अवस्थामा बसेको साक्षीको हैसियतले साक्षीको रूपमा मात्र सीमित रहन जाने हुँदा त्यस्तो हैसियत तथा अवस्थाको रूपमा रहे बसेको साक्षी तथा बण्डा गर्न कर नलाग्ने सम्पत्ति अंशियारबीच सहमतिको आधारमा बण्डा गरेको विषयलाई आधार लिई सोही आधारमा विवादित जग्गा वादी दावीबमाजिम बण्डा लाग्ने रहेछ भनी भन्नु कानूनसम्मत तथा विवेकसम्मत समेत नहुने ।

इजलास अधिकृत : विष्णुप्रसाद अर्याल
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६७ साल बैशाख २ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको फौ.पु.नं. ००१३, जालसाजी, *शेख जफिर समेत वि. शेखइद महम्मद*

हदम्यादको विषयमा कानूनमा नै किटानी व्यवस्था रहे भएको देखिन आएको अवस्थामा सो कानूनमा रहेको हदम्यादलाई नघाई अर्थात् २०५७।९।१५ मा भएको तामेली म्यादको विषयउपर ऐनमा भएको दुई वर्षको हदम्यादलाई नघाई २०६१।७।१३ मा आएर मात्र प्रस्तुत फिराद दायर देखिन आएको र त्यस्तो हदम्याद नाघी दायर भएको फिरादलाई खारेज गर्नुपर्नेमा सो नगरी ऐनमा भएको कानूनी व्यवस्थालाई बेवास्ता तोडमोड र अपव्याख्या गरी मुद्दाको तथ्यमा प्रवेश गरी शुरू तथा पुनरावेदन अदालतबाट समेत वादी दावीबमोजिम उक्त २०५७।९।१५ मा तामेल भएको म्यादलाई जालसाजीपूर्वक तामेल भए गरेको ठहऱ्याई सजाय समेत गर्ने गरेको फैसला तत्कालीन कीर्ते महलको १८ नं. मा भएको कानूनी व्यवस्था विपरीत भए गरेको देखिँदा हदम्यादको आधारमा फिराद दावी नै खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद अर्याल
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६७ साल जेठ १७ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको रिट नं.००४६ (नि.न.४२८८) उत्प्रेषण, *प्रमोदकुमार पाठक वि. राष्ट्रिय वाणिज्य बैंक समेत*

आफ्नो अधिकारप्रति लामो समयसम्म उदासीन भई बस्नेलाई अदालतले मद्दत गर्न नसक्ने सन्दर्भमा आफ्नो जग्गा २०५४ सालमा नै रोक्का रहेको भन्ने तथ्यको बारेमा मौकामै जानकारी पाएका निवेदकले पुनरावेदन र सर्वोच्च अदालतबाट फैसला भएको निषेधाज्ञा मुद्दाको समेत रूप विचार गरी रिट निवेदन दायर गर्न आएको देखिएकोले प्रस्तुत निवेदनमा अनुचित बिलम्बको सिद्धान्त आकर्षित हुने ।

इजलास अधिकृत : कृष्णमुरारी सिवाकोटी
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६७ साल जेठ ११ गते रेज ३ शुभम् ।

७

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको दे.पु.नं. १०२५, हक कायम समेत, *रत्नदेवी बैद्य वि. गोपालराम बैद्य*

यसै विषयमा पहिले नै उजूर परी ८९० भित्र प्रतिवादीको घर जग्गा रहेको देखिएको र

वादीको कि.नं. ३१० भन्दा उत्तर पश्चिम अर्थात् कि.नं. ३११ भन्दा दक्षिणको खाली जग्गा कि.नं. ८९० मध्येकै रहेको भन्ने कुरा पुष्टि भैरहेको देखिएको अवस्थामा आफ्नो हकभोग दर्ताको जग्गाभित्र प्रतिवादीले निर्माण कार्य गर्न पाउँदैन भनी भन्न नमिल्ने ।

इजलास अधिकृत : विष्णुप्रसाद अर्याल

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०६७ साल जेठ १७ गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको दे.पु.नं. ८०३९, निर्णय बदर दर्ता बदर दर्ता कायम, *मलहु साहु तेली वि. छेदीलाल साहु*

प्रतिवादीले मिति २०५०।१२।१२ मा अंश मुद्दामा भएको मिलापत्रबमोजिमको जग्गाबाट कित्ताफोड गरी मिलापत्रबमोजिम आफ्नो भागमा परेसम्मको जग्गा आफ्नो नाउँमा दर्ता गराएको देखिन आएको स्थितिमा उक्त मिलापत्रमा उल्लेख भए भन्दा बढी जग्गा प्रतिवादीले दर्ता गरेको भनी सो दर्ता बदर गरी आफ्नो नाउँमा दर्ता कायम गरिपाऊँ भनी लिइएका दावी तथा पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृत : विष्णुप्रसाद अर्याल

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६७ साल जेठ १७ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको दे.पु.नं.८०५६, जग्गा खिचोला मेटाई पर्खाल भत्काई चलन चलाई पाऊँ, *सरीता गौतम वि. बिमलादेवी पोखरेल समेत*

नक्सा मुचुल्का र नापी शाखाको ट्रायल चेकलाई भिडाउँदा सडकको चौडाई २.५० मी. बाट बढेर ४.७० मी. हुन गई नापी भएपछि २.२० मी. जति बढ्न गएको देखिएको र बाटोतर्फ देखाइएको न.नं. ९ को जग्गा वादीको कि.नं. ८०० मध्येकै जग्गा भएको देखिन आएको अवस्थामा उक्त सडकको चौडाई बढेपछि सडकको दायाँ बायाँको जग्गाको क्षेत्रफल घट्न जानु स्वाभाविक नै रहन जाने स्थितिमा वादीको कि.नं. ८०० जग्गा सडकतर्फ परेको रहेनछ भनी भन्न पनि नमिल्ने र उक्त सडकमा बढेको जग्गाको सम्बन्धमा कि.नं. ८०० बाहेक अन्य कित्ताबाट समेत मिसिन गएको भन्ने वादीको दावी समेत नरहेको, दुबै पक्षको जग्गाको दक्षिणतर्फ नाला रहेको र सो जग्गा पनि निज वादी प्रतिवादीकै रहेको भन्ने देखिन आएको छ । यसका अतिरिक्त उक्त कि.नं. ८०० को जग्गाबाट केही जग्गा सडकमा मिसिन गएको भन्ने नक्सा मुचुल्का समेतबाट स्पष्ट देखिन आएको अवस्थामा पुनरावेदक वादीको कि.नं.८०० को जग्गामा स्रेस्ताअनुसार नपुग भएको जग्गा वादीकै कि.न. ७९९ बाट गाभी कि.नं. ७९९ को नपुग हुन आउने जग्गा प्रतिवादीको कि.नं. २७७ बाट काटी पुऱ्याउने दायित्व प्रतिवादीमा निहीत रहन्छ भनी भन्न नमिल्ने ।

इजलास अधिकृत : विष्णुप्रसाद अर्याल

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६७ साल जेठ १७ गते रोज २ शुभम् ।

१०

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री रणबहादुर बम,** २०६५ सालको रिट नं. ०९१४, उत्प्रेषण समेत, *शिबविन्दुलाल कायस्थ वि. प्र.मं तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकउपर समेत भ्रष्टाचारको कसूरमा मुद्दा चलाउने र निज नेपाली नागरिक नठहरेको कारण निजका नाउँमा रहेको घर जग्गा नेपाल सरकारको स्वामित्वमा ल्याउने अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णयअनुरूप चलेको भ्रष्टाचार मुद्दामा सरिक भएको तर सोही निर्णयअनुरूप निवेदकको नाउँको जग्गा नेपाल सरकारको स्वामित्वमा सार्ने मिति २०५८।९।५ को निर्णयउपर कुनै उपचारको मार्ग अबलम्बन नगरी बसी लामो अवधिपछि मात्र मिति २०६५।१।२४ मा प्रस्तुत रिट निवेदन दायर हुन आएकोले निवेदकको हकमा बिलम्बको सिद्धान्त आकर्षित हुने ।

एउटै निर्णयबाट चलेको भ्रष्टाचार मुद्दामा सहभागी भएपछि सोही निर्णयमा उल्लिखित घर जग्गाको स्वामित्वसम्बन्धी विषयमा निवेदकलाई

जानकारी थिएन भनी अनुमान गर्नु तर्कसंगत देखिन नआउने ।

इजलास अधिकृत : कृष्णमुरारी सिवाकोटी

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६७ साल जेठ ६ गते रोज ५ शुभम् ।

११

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६३ सालको फौ.पु.नं. ०१९०, २०६५ सालको साधक नं. ०८७, कर्तव्य ज्यान र जबर्जस्ती चोरी, *नेपाल सरकार वि. नवीन भुजेल एवं नेपाल सरकार वि. नवीन भुजेल*

बालबालिकासम्बन्धी ऐन, २०४८ को व्यवस्था कानूनले बाध्यात्मक रूपमा बालबालिकाको उमेरलाई ध्यानमा राखी गरेकाले अ.बं. १८८ नं. को व्यवस्था अपराध भएको अवस्थालाई विचार गरी प्रयोग गर्नुपर्ने हुन्छ । यस्तो अवस्थामा अपराध भएको अवस्थालाई विचार गरी अ.वं. १८८ नं. अनुसार सजाय घटाउनु पर्ने पुनरावेदन अदालतको रायलाई कानूनसम्मत होइन भन्न नमिल्ने भएकाले प्रतिवादी नवीन भुजेललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहऱ्याई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम आधा सजाय कायम गरी अपराध भएको अवस्थालाई विचार गरी अ.वं. १८८ नं. अनुसार एकवर्ष कैद सजाय गर्दा उपयुक्त हुने ।

इजलास अधिकृत : कृष्णमुरारी सिवाकोटी

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६७ बैशाख १२ गते रोज १ शुभम् ।

१२

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६१ सालको दे.पु.न.. ८३८९, नामसारी दर्ता बदर, *केदारज्वालानन्द राजोपाध्याय वि. कृष्णबहादुर थापा*

विवादित कि.नं. ५३ को जग्गा वादी कृष्णबहादुर थापाको हो कि भन्ने कुनै प्रमाणबाट नदेखिएको अवस्थामा पेश भएको प्रमाणको मूल्याङ्कन गरी वादी दावी पुग्न नसक्ने ठहऱ्याई फैसला गर्नुपर्नेमा सो नगरी हक बेहकमा सम्बन्धित जिल्ला अदालतमा नालेस गर्न जान सुनाई दिने गरी भएको फैसला मिलेको नदेखिँदा उल्टी भै प्रतिवादी केदारज्वालानन्द राजोपाध्यायका नाममा नामसारी दर्ता गर्ने गरी भएको मालपोत कार्यालयको निर्णय मनासिब ठहर्ने ।

इजलास अधिकृत : नेत्रप्रकाश आचार्य

कम्प्युटर : बिपनादेवी मल्ल

इति संवत् २०६६ साल फागुन ११ गते रोज ३ शुभम् ।

१३

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** २०५९ सालको दे.पु.नं. ९४४०, दर्ता बदर हक कायम समेत, *पूर्णमाया बज्राचार्य समेत वि. धनराज बज्राचार्य*

वादीहरूका बाबु तीर्थराज र प्रतिवादी धनराजबीचको २०११ सालको बण्डापत्रको लिखतका आधारबाट दावीको कि.नं. ३३६ को जग्गामा वादीहरूको हकमा बाबु तीर्थराजको अपुतालीको हिसाबबाट र प्रतिवादी धनराज बज्राचार्यको हकमा २०११ सालको अंशबण्डाको कागजबाट दावीको जग्गामा वादी प्रतिवादीका बीच समानरुपको हक कायम हुने अवस्था देखिन आउँदा दावीको जग्गामा वादीहरू र प्रतिवादीको आधा आधा हक कायम हुने ।

कि.नं. ३३६ को जग्गा साविक लगत न्हेफले ३८ नं. अन्तर्गतको देखिई सो जग्गा वादीहरूका पिता तथा प्रतिवादीबीच मिति २०११।९।१३ को बण्डापत्रमा उल्लेख भएको तथा उक्त जग्गामा अपुतालीको हिसाबबाट वादीहरू र अंशको हिसाबबाट प्रतिवादीको आधा-आधा हक कायम हुने समेतका आधार एवं कारणबाट दावीको जग्गाका सम्बन्धमा दावीको कि.नं. ३३६ को जग्गामा वादीहरूको आधासम्म हक कायम हुने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६६ साल माघ २५ गते रोज २ शुभम् ।

- यसमा यसै लगाउको २०५९ सालको दे.पु.नं. ३३४४, जालसाज, *पूर्णमाया बज्राचार्य समेत वि. धनराज बज्राचार्य*

भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

१४

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६१ सालको दे.पु.नं. ९०५५, ९१२८, बण्डा छुट्याई पाऊँ, *रघुनाथ अधिकारी वि. माइलीनानी अधिकारी समेत, लक्ष्मीराम अधिकारी समेत वि. रघुनाथ अधिकारी*

गुठी तहसील शाखा कार्यालयको निर्णयउपर वादी रघुनाथ अधिकारीको दावी नपरेको, सो निर्णयअनुसार दावीको जग्गाको मोही हक वादी प्रतिवादीको नाममा सयुक्त रूपमा दर्ता भएको, जिल्ला अदालतमा भएको मिलापत्रमा दावीका जग्गाहरू उल्लेख नभएको तथा भै आएको नक्सा समेतबाट साविक कि.नं. २७ हाल कायम कि.नं. २८४ मा वादी रघुनाथ र कि.नं. ३० हाल कायम कि.नं. २९० मा प्रतिवादीहरूको भोग रहेको भन्ने देखिएको आधार एवं कारणबाट हाल कायम भोगमा कुनै असर नपर्ने गरी वादी प्रतिवादीको सुविधा एवं सन्तुलनलाई यथावत् राख्ने उद्देश्यले घर बसोबास र भोग समेतको तथ्यअनुरूप विवादित दुबै कित्तामा रहेको वादी प्रतिवादीको संयुक्त दर्ताको जग्गामध्ये सा.कि.नं. २७ हाल कायम कि.नं. २८४ को १-८-० जग्गाको पूर्वतर्फबाट समग्र जग्गामा तीन खण्डको एकखण्डको हिसाबले हुन आउने क्षेत्रफल १-४-३-२ को हदसम्म कित्ता छुट्याई वादीको नाउँमा दर्ता कायम हुने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६६ साल माघ २५ गते रोज २ शुभम् ।

१५

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६१ सालको दे.पु.नं. ९०५६, ९१२७, निर्णय बदर हक कायम समेत, *रघुनाथ अधिकारी वि. माइलीनानी अधिकारी समेत लक्ष्मीराम अधिकारी समेत वि. रघुनाथ अधिकारी समेत*

वादीको जग्गाको मोही हक वादी प्रतिवादीको नाममा संयुक्त रूपमा दर्ता भएको, सो निर्णयउपर प्रतिवादी रघुनाथ अधिकारीको दावी नपरेको, काठमाडौं जिल्ला अदालतमा भएको मिलापत्रमा दावीका जग्गाहरू उल्लेख नभएको तथा भै आएको नक्सा समेतबाट साविक कि.नं. २७ हाल कायम कि.नं. २८४ मा प्रतिवादी रघुनाथ र कि.नं. ३० मा हाल कायम कि.नं. २९० मा वादीहरूको भोगमा रहेको तथा दाजुका नामको मोहियानी हक भाईमा पनि सर्ने गरी भएको गुठी तहसील कार्यालयको मिति २०५५।७।२५ को निर्णय कानूनअनुरूपको ठहर गरी प्रतिवादी रघुनाथको हकसम्म गुठीको निर्णय बदर गरिपाऊँ भन्ने दावी पुग्न नसक्ने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुवेदी

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६६ साल माघ २५ गते रोज २ शुभम् ।

१६

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. ०६०५, उत्प्रेषण, *सुमन श्रेष्ठ वि. पुनरावेदन अदालत पाटन समेत*

निवेदकले करारनामा गर्दा उल्लेख गरेको बतनमा कानूनबमोजिम म्याद तामेल भएको र सो म्यादभित्र निवेदक हाजिर हुन नआएपछि गोरखापत्रमा सार्वजनिक सूचना जारी गरेको कार्य कानूनअनुरूप नै देखिँदा उक्त म्याद बदर गर्न नमिल्ने ।

इजलास अधिकृत : कृष्णमुरारी सिवाकोटी

कम्प्युटर : सरस्वती पौडेल

इति संवत् २०६७ जेठ १४ गते रोज ६ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या.श्री तपबहादुर मगर,** २०६३ सालको रिट नं. ०९२२, परमादेश, *गुणकेश लाल कर्ण वि. अर्थ मन्त्रालय समेत*

निवेदकले प्रस्तुत रिट निवेदन अनुचित र लामो बिलम्ब गरी दिएको देखिएको तथा रिट निवेदन दिँदाकै अवस्थामा निजको उमेर निजामती सेवाबाट अवकाश पाउने उमेरभन्दा पनि बढी व्यतीत भइसकेको देखिएबाट निवेदकको

मागबमोजिम रिट जारी हुने अवस्था नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ।
इजलास अधिकृत : कमलराज बिष्ट
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल चैत १८ गते रोज ४ शुभम् ।

२

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६१ सालको फौ.पु.नं. ३२८७, *भवितव्य ज्यान, बाबुराम बि.क. वि. नेपाल सरकार*

जाहेरी दर्खास्त, घटनास्थल प्रकृति मुचुलका, शव परीक्षण प्रतिवेदन, मौकामा कागज गर्ने अर्जुन के.सी., भविलाल रोका, रामबहादुर निउरे, चित्रबहादुर थापा, कृष्णबहादुर थापाको भनाई सोही व्यहोरालाई समर्थन गर्ने गरी अदालतमा भएको जाहेरवाला र भविलाल एवं नरबहादुर समेतको बकपत्र समेतबाट प्रतिवादी श्रीरामको बहिनीको विवाहमा राति बाजाको नाचगानको समयमा क्यासेट भर्ने विषयमा विवाद सिर्जना भै भनाभन कुटपीटमा काले रोकालाई मार्नेसम्मको रिसइवी रहेको नदेखिएको स्थितिमा प्रतिवादी बाबुराम र राजेन्द्रको कुटपीट तथा प्रहारको चोटबाट काले रोकाको भवितव्यबाट मृत्यु भएको मिसिलबाट देखिएको स्थितिमा सबै प्रतिवादीलाई सजाय हुने नभै राजेन्द्र बि.क. र बाबुराम बि.क.लाई मात्र अभियोग दावीबमोजिम ६ महिना कैद र रू.५००।- जरीवाना हुने ।
इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय
कम्पयुटर : मुकुन्द बिष्ट
इति संवत् २०६७ बैशाख ७ गते रोज ३ शुभम् ।

३

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या.श्री सुशीला कार्की,** २०६६ सालको फौ.पु.नं. ०६६-CR-०११८, भ्रष्टाचार,*नेपाल सरकार वि. नरेन्द्रप्रसाद खनाल*

शैक्षिक योग्यताको प्रमणपत्र जारी गर्ने माध्यमिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय इलाहावादबाटै प्रतिवादीले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र सही हो भनी लेखी आएकोले अघि प्रमाणपत्र पेश गर्दा परीक्षाफल रोकिएको भन्ने सो परिषद्को लेखाइलाई अन्यथा वा नक्कली हो भन्न नसकिने ।

शैक्षिक योग्यताको प्रमाणपत्रको आधिकारिकता र सत्यता सो जारी गर्ने निकायबाटै यकीन हुने र प्रमाणपत्र जारी गर्ने निकायले नै प्रतिवादीले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र सही सत्य हो भनी लेखी आएको देखिँदा प्रतिवादीले पेश गरेको इन्टर परीक्षाको शैक्षिक प्रमाणपत्र नक्कली नभई सक्कली हो भन्ने प्रमाणित हुने ।
इजलास अधिकृत : नारायणप्रसाद सुवेदी
कम्प्युटर : बिपनादेवी मल्ल
इति संवत् २०६७ साल जेठ १८ गते रोज ३ शुभम् ।

४

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या.श्री प्रकाश वस्ती,** २०६१ सालको रिट नं. ३२९५, उत्प्रेषण परमादेश समेत, *नवराज गौतम वि. खलङ्गा बहुमुखी क्याम्पस, रूकुम समेत*

क्याम्पसको विधान र प्रवन्धपत्र नेपाल कानून नहुने हुँदा विपक्षी मुसीकोट खलङ्गा बहुमुखी क्याम्पसको विधान र प्रबन्धपत्रअन्तर्गतको रिट निवेदन दावीमा यस अदालतले असाधारण अधिकारक्षेत्रअन्तर्गत निवेदक नवराज गौतमलाई निजको मागबमोजिम उपचार प्रदान गर्न नसक्ने ।
इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम
कम्प्युटर : बिपनादेवी मल्ल
इति संवत् २०६६ साल माघ ६ गते रोज ४ शुभम् ।

- यसमा यसै प्रकृतिको २०६१ सालको रिट नं. ३२९७, उत्प्रेषण परमादेश समेत, *शिवशंकर सिँह समेत वि. खलङ्गा बहुमुखी क्याम्पस, रूकुम समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

५

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको रिट नं. ०६३-WO-०२३२, उत्प्रेषणयुक्त परमादेश, *डिलहरि शर्मा वि. प्र.म. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

विपक्षी रूकमाङ्गत कटुवालको उमेरसम्बन्धी विषयलाई लिएर परेको रिट निवेदनमा आजसम्म निजको अवकाश समेत भैसकेको

परिप्रेक्ष्यमा आदेश गर्नुको कुनै ओचित्य भएन । रिट सार्थक र कार्यान्वयन हुनसक्ने अवस्थामा मात्र जारी हुने हुँदा प्रस्तुत विवादमा निवेदकले उठाएको विवादमा अब आदेश कार्यान्वयन हुनसक्ने अवस्था नभै रिटको औचित्य नै समाप्त भैसकेकाले अब प्रस्तुत रिटको तथ्यमा प्रवेश गरी विवादको निरोपण गर्नुपर्ने आवश्यकता र औचित्य नदेखिने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६६ साल माघ ६ गते रोज ४ शुभम् ।

६

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको WO-०८२७, उत्प्रेषण परमादेश, *सुरेन्द्र राय वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

अख्तियारवालाले स्वास्थ्य सेवा ऐन, नियमबमोजिम आफ्नो कर्मचारीको काम कारवाहीमा चित्त नबुझी विभागीय कारवाहीका लागि प्रक्रिया अघि नबढाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट लेखी आएबमोजिम कारवाही अगाडि बढाएको देखिन्छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले यो यस्तो सजाय गर्नु भनेर सजाय किटेर नै लेख्न नसक्ने भन्दै रूद्रकुमार श्रेष्ठ विरूद्ध भमिसुधार तथा व्यवस्था मन्त्रालय समेत भएको २०६३ सालको रिट नं. ०००५ निवेदनमा पूर्ण इजलासबाट मिति २०६४।१।६ मा सिद्धान्त समेत प्रतिपादन भएको परिप्रेक्ष्यमा निवेदकलाई निलम्बन गर्ने र विभागीय कारवाही गर्न र विभागीय कारवाही गर्न शुरूवात भएको कारवाही कानूनसम्मत देखिन नआउँदा निलम्बन गर्न तथा भविष्यमा सरकारी सेवाबाट अयोग्य नठहरिने गरी सेवाबाट अवकाश दिने कारवाही गर्नु भनी भएको निर्णय कारवाही गर्नु भन्ने पत्र तथा स्वास्थ्य मन्त्रालय र आयुर्वेद विभागको निलम्बन गर्ने र कारवाहीको लागि स्पष्टीकरण सोध्ने पत्र समेतका काम कारवाही त्रुटिपूर्ण देखिने ।

इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय

कम्प्युटर : बेदना अधिकारी

इति संवत् २०६७ साल जेठ १२ गते रोज ४ शुभम् ।

७

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको फौ.पु.नं ०२९४, जबर्जस्ती करणी, *नेपाल सरकार वि.दिनेश लामा*

पीडितको किटानी जाहेरी दरखास्त, मौकामा कागज गर्ने व्यक्तिको भनाई शरीर जाँच प्रतिवेदन, अदालतमा भएका पीडित तथा मौकामा कागज गर्ने व्यक्तिको बकपत्र, घटनास्थल प्रकृति मुचुल्का समेतबाट प्रतिवादी दिनेश लामा र भुन्टे तामाङ्गले किड्स सांग्रीला होम संरक्षणमा रहेकी सुस्त मनस्थिति भएकी शुभद्रा थापालाई जबर्जस्ती करणी गरी जबर्जस्ती करणीको महलको १, ३(४) र ३ क बमोजिम कसूर गरेको देखिँदा प्रतिवादी दिनेश लामालाई जबर्जस्ती करणीको ३(४) बमोजिम ५ वर्ष र ३क बमोजिम थप ५ वर्ष कैद गरी कूल १० वर्ष कैद सजाय भई प्रतिवादी दिनेश लामाको आधा अंश सर्वस्व गरी पीडित शुभद्रा थापालाई भराइदिने ।

इजलास अधिकृत : विष्णुप्रसाद उपाध्याय

कम्युटर : निर्मला भट्ट

इति संवत् २०६६ साल चैत ९ गते रोज २ शुभम् ।

८

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको रि.न.. WO-१०१७, उत्प्रेषण परमादेश, *हरिप्रसाद शर्मा वि. प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदक नियुक्त हुँदाकै अवस्थामा बढीमा २ वर्षसम्मको लागि मात्र नियुक्ति भएको देखिएकाले नियुक्ति गर्ने निकायले जुनसुकै समयमा निजको सेवा लिन इन्कार गर्नसक्ने नै हुँदा निवेदकलाई सेवाबाट अवकाश गर्ने गरी भए गरेको नेपाल सरकारको मिति २०६६।३।१७ को निर्णयमा कुनै त्रुटि विद्यमान देखिन आएन । यस स्थितिमा निवेदन मागबमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी हुन नसक्ने ।

इजलास अधिकृत : नेत्रप्रकाश आचार्य

कम्प्युटर : विपनादेवी मलल

इति संवत् २०६७ साल असार ११ गते रोज शुभम् ।

९

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको रिट नं. ०६६-WO-०४०२, उत्प्रेषण, *आकृति सिँह वि. शिक्षा मन्त्रालय समेत*

कुनै विद्यार्थीले आफूलाई शिक्षकले जानाजान अनुत्तीर्ण गरायो वा दिनुपर्ने अङ्क प्रदान गरेन भनी दोषारोपण गर्दछ भने त्यस कुराको शंकारहित तवरले प्रमाणित गर्ने भार पनि आरोप लगाउनेउपर नै हुन्छ । यसमा विवाद हुँदैन । यसरी उत्तरपुस्तिका परीक्षण गर्दा विद्यार्थीले दिएकाले जवाफको स्तरमा भर पर्ने हुँदा विद्यार्थीले यति नै अङ्क प्राप्त गर्नु पर्दछ उत्तीर्ण हुनै पर्छ भन्ने जिकीर लिन सक्दैन । साथै त्यस्तो विषय संविधानको धारा १०७(२) अनुसार न्यायिक पुनरावलोकनको विषय पनि बन्न ससक्ने ।

निवेदिकाले परीक्षा दिएको Biology विषयको सक्कलै उत्तरपुस्तिका इजलासको अवगतार्थ आदेश जारी गरी झिकाई हेर्दा प्रत्येक उत्तरमा अङ्क प्रदान गरेको देखिने र प्रदान गरेको अङ्कको कूल प्राप्ताङ्क २० नै रहेको देखिँदा निवेदिकाले परीक्षा दिएको Biology विषयमा अङ्क दिई गणना गर्दा कुनै कानूनी त्रुटि विद्यमान रहे भएको नदेखिने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी

इति संवत् २०६७ साल जेठ २४ गते रोज २ शुभम् ।

१०

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं WO-०२४५, उत्प्रेषण परमादेश, *ईश्वरमान प्रधान वि. ऋण असूली न्यायाधिकरणका स्रेस्तेदार समेत*

ऋण असूली न्यायाधिकरणको फैसलाबमोजिम रिट निवेदक समेतबाट विपक्षी राष्ट्रिय वाणिज्य बैंक बिशालबजार शाखाले भरी पाउने ठहरेको बिगोको ३० प्रतिशत नगद धरौटी नराखेको आधारमा निवेदकले दर्ता गर्न ल्याएको पुनरावेदन बैंक तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ को दफा २२, १९ तथा २(६) मा भएको कानूनी व्यवस्थाको उधृत गर्दै दर्ता गर्न नमिल्ने भनी दरपीठ गरेको ऋण असूली पुनरावेदन न्यायाधिकरणका सेस्तेदारको मिति २०६१।११।१ को आदेश र सो आदेश सदर गरेको सोही न्यायाधिकरणको मिति २०६३।५।१८ को आदेशमा कुनै कानूनी त्रुटि नदेखिँने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

कम्प्युटर : बिपनादेवी मल्ल

इति संवत् २०६६ साल जेठ १९ गते रोज ४ शुभम् ।

११

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** रिट नं. ०६५-WO-३२९, उत्प्रेषणयुक्त परमादेश, *खिलप्रसाद चौधरी वि. विद्यालय व्यवस्थापन छनौट समिति, त्रिभुवन उच्च मा.वि., बेलाटारी नवलपरासी समेत*

निवेदकले मनोनयनपत्र साथ मनोनयन शुल्क बुझाएको नदेखिएको एवं स्थगित भएको विद्यालय व्यवस्थापन समितिको निर्वाचनसम्बन्धी कार्यक्रम सार्वजनिक सूचना प्रकाशित गरी भए गरेको देखिएकोले निवेदकको मागबमोजिमको आदेश जारी हुने अवस्था विद्यमान नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

यजलास अधिकृत : कमलराज बिष्ट

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६६ साल चैत १८ गते रोज ४ शभम् ।

## इजलास नं. ३

१

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको रिट नं. ०३६५, उत्प्रेषण, *भरतमणि जङ्गम वि. प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

पशुपतिनाथ मन्दिरको मूल पूजारी र अन्य पूजारीको नियुक्ति बदर भै साविककै मूल पूजारी र अन्य पुजारीबाट श्री पशुपतिनाथको नियमित नित्य-पूजा पूर्ववत् रूपमा सञ्चालन भै निवेदकको मागअनुरूप भैसकेको देखिएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्नु नपर्ने ।

इजलास अधिकृतः नारायणप्रसाद दाहाल

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल पौष २७ गते रोज २ शुभम् ।

- यसमा यसै प्रकृतिको २०६५ सालको रिट नं. ०३६४, उत्प्रेषण, *कृष्ण राजभण्डारी समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत* भएको मुद्दामा पनि यसैअनुरूप निर्णय भएको छ ।

२

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको रिट नं. ०३६६, उत्प्रेषण समेत, *लोकध्वज थापा समेत वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

नेपालको अन्तरिम संविधान, २०६३ अनुरूप धर्मनिरपेक्ष राज्यको अवधारणा अनुकूल हुने गरी आफ्नो धर्म, संस्कृति, मान्यता, मर्यादाको संरक्षण, संवर्द्धन, परिपालन गरी हिन्दू धर्ममा आस्थावान, सक्रिय, उत्साही विज्ञहरूबाट गर्न गराउन एउटा छुट्टै स्वतन्त्र, सक्षम स्वायत्त संयन्त्र खडा गरी श्री पशुपतिनाथको पूजा, पशुपतिनाथको गुठी, गुठीबाट प्राप्त आय समेतका सम्पूर्ण आय तथा दर्शनार्थीहरूबाट प्राप्त हुने भेटीघाटी व्यवस्थित गर्ने लगायतका विषयमा पशुपतिक्षेत्रको सम्पूर्ण विकासको लागि के गर्नु उपयुक्त हुन्छ ? तत्सम्बन्धमा सनातन वैदिक हिन्दूधर्मावलम्बीहरू बेद पुराण धर्मशास्त्र आदि विषयका ज्ञाताहरू, हिन्दू धर्मप्रति निष्ठावान् प्राज्ञिक, विश्वविद्यालयका प्राध्यापक, कानूनविद्, योजनाविद, श्री पशुपतिनाथका मूल भट्ट, भण्डारी, बिसेट तथा अन्य रकमीका प्रतिनिधिहरू समेत सदस्य रहने गरी यो आदेश प्राप्त भएका मितिले ३ महिनाभित्र एउटा स्वतन्त्र, अधिकार सम्पन्न समिति गठन गरी सो समितिले दिएको राय सुझाव समेतको प्रतिवेदनलाई मध्यनजर राखी आवश्यक कानूनी व्यवस्थाको तर्जुमा गर्नु भनी नेपाल सरकारको नाउँमा निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल
कम्प्युटर : सुदीप पंज्ञानी
इति संवत् २०६६ साल पुस २७ गते रोज २ शुभम् ।

३

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको रिट नं. ०८६२, उत्प्रेषण, *कृष्ण राजभण्डारी समेत वि.प्र.मं. तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

पशुपति क्षेत्र विकास कोष (कार्य व्यवस्था) नियमावली, २०६६ नेपालको अन्तरिम संविधान, २०६३ को धारा ४, १३(१) र १७(३) तथा २३ समेतसँग बाझिएकोले धारा ३२ र धारा १०७(१) र (२) बमोजिम उक्त नियमावली उत्प्रेषणको आदेशद्वारा खारेज बदर घोषित गरिपाऊँ भनी दावी लिएको देखिन्छ । सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४(१)(ग) मा संविधानको धारा १०७ को उपधारा (१) अन्तर्गतको मुद्दा विशेष इजलासबाट हेर्ने भनी तोकिएको पाइन्छ । प्रस्तुत रिट निवेदनमा संविधानको धारा १०७(१) समेतको दावी भएको देखिएको संयुक्त इजलासबाट सुनुवाई गर्न मिल्ने नदेखिँदा संयुक्त इजलासबाट हेरिने मुद्दाको लगतबाट कट्टा गरी कानूनबमोजिम विशेष इजलाससमक्ष पेश गर्ने ।

इति संवत् २०६६ साल पुस २७ गते रोज २ शुभम् ।

- यसमा यसै प्रकृतिको २०६५ सालको रिट नं. ०७५७, उत्प्रेषण, *भरतमणि जङ्गम वि. पशुपति विकास कोषको कार्यालय समेत* भएको मुद्दामा पनि यसैअनुरूप निर्णय भएको छ।

४

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री भरतराज उप्रेती,** २०६७ सालको विविध MS ००६०, बन्दीप्रत्यक्षीकरण, *विश्वराज पन्त वि. लक्ष्मीकान्त ढकाल समेत*

नाबालक बच्चा आत्मेषराजको आमा पिङ्की ढकाल (पन्त) ले बच्चालाई आफू साथ राखेको अवस्था नभई निज विदेश बेलायतमा रहेको देखिएको, बच्चा, प्रस्तुत मुद्दाको निर्णय हुँदाका बखत मावली हजुरआमाका साथ रहेको तर बच्चा बाबुसाथ हालसम्म नरहेको भन्ने तथ्य विपक्षी रीता ढकालले इजलाससमक्ष बच्चा आफैं बोकी बच्चाको

पालनपोषण आफैंले गरी आएको छु भनी व्यक्त गरेको तथ्यबाट समेत देखिन आयो । यस्तो अवस्थामा बच्चाको आमाले प्राकृतिक संरक्षकको हैसियतले आफ्नो भूमिका निभाउन नसक्ने र सो हैसियतले बच्चाको पालनपोषण गर्नसक्ने अवस्था नदेखिँदा निवेदक बाबुले संरक्षकत्व ग्रहण गर्न पाउने ।

इजलास अधिकृत : खड्गराज अधिकारी
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६७ साल जेठ ३० गते रोज १ शुभम् ।

५

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री भरतराज उप्रेती,** २०६७ सालको फौ.पु.नं. ०१२९, जबर्जस्ती करणी, *नेपाल सरकार वि. सुदामा श्रेष्ठ*

कानूनले नै असक्षम भनी घोषणा गरेको व्यक्तिलाई घरमा परिवारका कोही मानिस नभएको मौका पारी गरिएको सहमतिपूर्वकको करणी पनि जवर्जस्ती करणीकै परिभाषाभित्र पर्ने हुँदा प्रत्यर्थी प्रतिवादीले अभियोग माग दावीबमोजिमको कसूर गरेको स्थापित हुने हुँदा प्रतिवादीलाई अभियोग माग दावीबमोजिम सजाय हुने ।

इजलास अधिकृत : खड्गराज अधिकारी
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६७ साल जेठ ३० गते रोज १ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री गौरी ढकाल,** २०६४ सालको दे.पु.नं. ०४३७, जग्गा खिचोला, *भुलईप्रसाद कुमाल वि. राजमती धोबिन समेत*

जग्गाको नक्सा प्रकृति र मिसिल संलग्न प्रमाण कागजात समेतको आधारमा विवादित वादी दावीको जग्गामा वादीको आधिकारिक स्वामित्व रहेको पुष्टि हुन सकेको नदेखिई प्रतिवादीकै आधिकारिक स्वामित्व रहेको देखिइरहेको अवस्थामा अर्थात् आफ्नो स्वामित्व नै नरहेको देखिएको अवस्थामा वादी दावीको जग्गामा प्रतिवादीले खिचोला गरे भनी भन्न सक्ने अवस्था नरहने ।

इजलास अधिकृत : कृपासुर कार्की
कम्प्युटर : बिदुषी रायमाझी
इति संवत् २०६६ साल माघ २४ गते रोज १ शुभम् ।

२

**मा.न्या श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री ताहिर अली अन्सारी,** २०६२ सालको फौ.पु.नं. ३७६६, लागू औषध, *नेपाल सरकार वि. राजेन्द्र कार्की समेत*

प्रतिवेदकहरू ऋषिकेश पाण्डे तथा यादव थापाले ३ ग्राम लागू औषध खैरो हिरोइन बरामद भएको बरामदी मुचुल्का तथा त्यसको रोहबरमा उक्त लागू औषध मेरो साथबाट बरामद भएको हो भनी निज प्रतिवादी राजेन्द्र कार्कीले उल्लेख गरी सहिछाप समेत गरेको अवस्था छ । सो व्यहोरालाई निजले अन्यथा प्रमाणित गराउन सकेको अवस्था समेत देखिँदैन । निजकै अधिकार प्राप्त अधिकारीसमक्षकै बयानबाट उक्त लागू औषध सेवन गर्ने मनसायले खरीद गरेको भन्ने देखिएको र उक्त बयानलाई बरामद भएको परिमाण समेतलाई मध्यनजर गर्दा अन्यथा भन्न नसकिने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल
कम्प्युटर : विदुषी रायमाझी
इति संवत् २०६६ साल माघ २५ गते रोज २ शुभम् ।

३

**मा.न्या श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री राजेन्द्रप्रसाद कोइराला,** २०६१ सालको दे.पु.नं. ८३५७, लेनदेन, *लक्ष्मी माली (मालाकार) समेत वि. नन्दकुमार श्रेष्ठ*

राजीनामाको लिखत कच्चा ठहरी भोग समेत गर्न नपाएकोले साँवा ब्याज भराई पाऊँ भनी दावी लिएका जग्गामध्ये वादीले उमेशप्रसाद गिरीलाई र बिमला उपाध्यायलाई हालैको बकसपत्रद्वारा हक हस्तान्तरण गरेको प्रमाणबाट देखिएको सो कायम नरहेको भन्ने कहीं कतैबाट देखिएको छैन । आफूले हकहस्तान्तरण गरेको जग्गा कच्चा ठहरी पाउने व्यक्तिले आफूउपर थैलीमा दावी गरेको भन्ने वादीको भनाई पनि नरहेको र

मोहीले राजीनामा लिखत बदर दर्ता मुद्दा गरी लिखत बदर भएको जग्गाबाटै केही जग्गा मोही मधुसुदन थापाका नाउँमा कायम रहेको अवस्थामा वादीले राजीनामा गरी लिएको जग्गा कच्चा ठहरी भोग गर्न समेत नपाएको भन्ने देखिन नआउने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६६ साल माघ ८ गते रोज ६ शुभम् ।

४

**मा.न्या श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रेम शर्मा,** २०६४-WO-५१४, उत्प्रेषणयुक्त परमादेश, *हरिप्रसाद सिल्पकार वि. पुनरावेदन अदालत पाटन, ललितपुर समेत*

बण्डा मुचुल्का मेरो रोहबरमा भएको ठीक हो भनी बण्डा मुचुल्कालाई स्वीकार गरी अंश मुद्दामा प्रतिवादीको मुद्दा सकार गर्ने हरिप्रसाद सिल्पकारले सही समेत गरेबाट यी निवेदकले फैसला कार्यान्वयनको सिलसिलामा सूचना नपाएको, कारवाहीको प्रक्रियाबाट अनभिज्ञ रहेको, सुनुवाइको मौका समेत प्रदान नगरी एकतर्फी रूपमा बण्डा छुट्याउनेतर्फ कारवाही गरेको भन्ने निवेदन दावी अर्थहीन देखिनुका साथै फैसला कार्यान्वयनको प्रक्रिया टुंगीई सकेको अवस्थामा औचित्यहीन समेत देखिने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६७ साल बैशाख ९ गते रोज ५ शुभम् ।

- यसमा यसै प्रकृतिको २०६४-WO-०५१५, उत्प्रेषण परमादेश, *हरिप्रसाद सिल्पकार वि. पुनरावेदन अदालत पाटन, ललितपुर समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएकोछ ।

५

**मा.न्या श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रेम शर्मा,** २०६२-WO-२६८९, उत्प्रेषणयुक्त परमादेश, *बिमला खड्का वि. श्री पुनरावेदन अदालत पाटन समेत*

फैसला कार्यान्वयनको सिलसिलामा भएका आदेश तह-तह हुँदै पुनरावेदन अदालतबाट परीक्षण भैसकेको अवस्थामा यस अदालतको असाधारण अधिकारक्षेत्र प्रयोग गरी हस्तक्षेप गर्न उपयुक्त समेत नदेखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न नपर्ने ।

इजलास अधिकृत : गायत्रीप्रसाद रेग्मी

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६७ साल बैशाख ९ गते रोज ५ शुभम् ।

६

**मा.न्या श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६५ सालको स.फौ.पु.नं. ०४६६, कर्तव्य ज्यान, *विष्णुप्रसाद बखरेल वि. नेपाल सरकार*

करणी गर्ने मनसायले नुहाइरहेका केटीहरूमाथि हातपात गर्न जाँदा थाहा पाई मृतक प्याउली श्रेष्ठले छुटाएपछि निजमाथि नै जाइ लागी टाउकोजस्तो संवेदनशील अङ्गमा ढुङ्गाले पटक-पटक प्रहार गरी मृतकको मृत्यु भएको भन्ने कुरा निजको साविती बयान तथा शव परीक्षण प्रतिवेदन, घटनास्थल लाश जाँच मुचुल्का समेतबाट पुष्टि भएको स्थितिमा यी प्रतिवादीले नै मृतकलाई मारेको प्रष्ट हुँदा निज प्रतिवादी विष्णुप्रसाद बखरेललाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृत श्रीप्रसाद सञ्जेल

कम्प्युटर : भवानी ढुंगाना

इति संवत् २०६६ साल मंसिर २४ गते रोज ४ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री गौरी ढकाल,** २०६६-CR-००१६, जाली राहदानी, *चार्ल्स गुरूमुख शोभराज वि. नेपाल सरकार*

कुनै मृत व्यक्ति एक स्थानबाट अर्को स्थानमा यात्रा गर्न, बसोबास गर्न र मानिससँग सम्पर्क गर्न समेत नसक्ने हुँदा उक्त मृत व्यक्तिको नाम र पासपोर्ट प्रयोग गरी अरू नै कुनै व्यक्ति कुनै सुनियोजित वा आपराधिक उद्देश्यले छद्‌मनाम प्रयोग गरी नेपालमा आएको तथा सोल्टी ओबरायको कोठा नं.४१५ मा बसेको भन्ने कुरा तर्कसंगत रूपमा अनुमान गर्न सकिन्छ । त्यस्तो

व्यक्तिले आफ्नो असली पहिचान र आपराधिक कार्यको प्रमाण लोप गर्ने र आफूलाई सजायको भागी हुनबाट बचाउने कुत्सित मनसायबाट नै आफूले मारेको व्यक्तिको नाम, पासपोर्ट र पहिचान प्रयोग गरेको हुन सक्ने ।

कुनै अभियोग लागेको अभियुक्तले कसूरसम्बन्धी कुरामा सावित भएको वा इन्कार गरेको निजको कथनले मात्र निजको पक्ष वा विपक्षमा स्वतः प्रमाणको स्थान ग्रहण गर्दैन । बरू सो साबिती बयानलाई कुनै आधारभूत, तथ्यपरक एवं निश्चयात्मक प्रमाणबाट समर्थित गराउनु पर्ने ।

कुनै अभियुक्तले वारदातको समयमा आफू घटनास्थलमा नभई अन्यत्र छु भनी अन्यस्थल (Alibi) को जिकीर लिन्छ भने सो जिकीरलाई प्रमाणित गर्ने भार पनि निज अभियुक्तउपर नै रहन्छ । यस्तो अन्यस्थल (Alibi) को जिकीर तथ्यपरक, निश्चयात्मक तथा लिखतको प्रमाणबाट समर्थित हुन सके मात्र सो जिकीर लिने व्यक्तिको पक्षमा प्रमाणयोग्य हुन सक्ने ।

गेष्ट रजिष्ट्रेशन कार्ड र फ्रेन्च राहदानी दुबैमा भएका हस्ताक्षरमा लेखकको लेखन शैली, अक्षरका बनौट र गुणहरूमा समानता देखिएको र केही मात्रामा सामान्य अन्तर भए पनि एकै व्यक्तिद्वारा समयको ठूलो अन्तरालमा गरिएको हस्ताक्षर हुँदा सो कारणबाट हस्ताक्षर गर्नेको लेखन शैलीमा सामान्य भिन्नता भएकोलाई अस्वाभाविक भन्न मिल्ने हुँदैन । यस्तोमा सामान्य भिन्नता भएको अक्षरको बनौट, लेखन शैली र गुणमा अधिकांशतया समानता देखिएको हुँदा विशेषज्ञको रायलाई अन्यथा सम्झन नमिल्ने ।

प्रतिवादी चार्ल्स गुरूमुख शोभराजले हल्याण्डका नागरिक हेनरिकस बिन्टान्जाको नामको राहदानी प्रयोग गरी सन् १९७५ डिसेम्बर तदनुसार २०३२ साल पुसमा जाली राहदानी (अर्काको नाउँको राहदानी) प्रयोग गरी निज प्रतिवादी पुनरावेदकलाई अभियोगपत्र माग दावीबमोजिम अध्यागमन ऐन, २०४९ को दफा ५ (१) र (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १०(१) बमोजिम १ (एक) वर्ष कैद र रू.२,०००।- (दुई हजार रूपैयाँ) जरीवाना समेत हुने ।

इजलास अधिकृतःनारायणप्रसाद सुवेदी, दीपककुमार दाहाल, श्रीप्रसाद सञ्जेल

कम्प्युटर:: अमिररत्न महर्जन,विदुषी रायमाझी

इति संवत् २०६७ साल साउन १४ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री गौरी ढकाल,** २०६२ सालको फौ.पु.नं. ३३५३, कर्तव्य ज्यान, *चार्ल्स गुरूमुख शोभराज वि. नेपाल सरकार*

इन्टरपोलबाट नेपाल प्रहरीलाई प्राप्त भै महान्यायाधिवक्ताको कार्यालयमार्फत यस अदालतमा प्रमाणको रूपमा मिति २०६३।९।१३ मा इन्टरपोल वासिंगटनबाट प्राप्त कागजातहरू, मिति २०६४।३।५ मा इन्टरपोल न्यूजिल्याण्डबाट प्राप्त कागजातहरू, मिति २०६४।३।२६ मा इन्टरपोल विङ्ग न्यू दिल्लीबाट प्राप्त कागजातहरू र मिति २०६५।५।२२ मा इन्टरपोल न्युजिल्याण्डबाट प्राप्त विभिन्न कागजातहरू तथा २०६४।११।३० मा न्यूजिल्याण्ड पुलिसबाट ४ थान डि.भी.डि. समेत प्राप्त भएको देखिन्छ । थाइल्याण्डमा त्यहाँको प्रहरीले Mr. ALIAN GAUTIHER ले जाली राहदानी (Forged Passport) प्रयोग गरेको र उल्लिखित विदेशी नागरिकहरूको हत्या गरेको सम्बन्धमा २० मे १९७६ मा पक्राउ पूर्जी जारी गरेको विवरणहरू इन्टरपोलबाट प्राप्त भै मिसिलमा संलग्न रहेका कागजातबाट देखिन्छ । यसका साथै प्रस्तुत मुद्दा दायर हुनु अघि नेपाल प्रहरीको इन्टरपोल शाखाबाट यी प्रतिवादीको सम्बन्धमा अन्य देशका इन्टरपोल शाखाहरूमा लेखापढी भै आवश्यक कागजातहरू मगाएको देखिन आएको छ । सँगठित अपराधलगायत अन्तर्राष्ट्रिय स्तरका अपराधीहरूको सूचना आदान प्रदान गरी सदस्य राष्ट्रहरूबीच सहयोग आदान-प्रदान गर्नको लागि स्थापना भएको इन्टरपोल प्रहरीहरूको अन्तर्राष्ट्रिय सँगठन भै सयुक्त राष्ट्रसंघको महासभाद्वारा यसलाई मान्यता दिइएको हुँदा अपराध अनुसन्धानका सम्बन्धमा यस निकायले दिएको तथ्याङ्कहरूलाई सहजै अन्यथा भन्न सकिने अवस्था नहुने ।

कुनै प्रमाणबिनाको इन्कारी बयान अर्थहीन र प्रयोजनहीन हुन्छ । र यस्तोमा निज प्रतिवादीका विरूद्ध संकलित अप्रत्यक्ष प्रमाणलाई पनि निजका विरूद्ध अदालतले प्रमाणमा ग्रहण गर्नुपर्ने हुन्छ । साथै कुनै अभियुक्तले वारदातको समयमा आफू घटनास्थलमा नभई अन्यत्र छु भनी अन्य स्थल ( Alibi) को जिकीर तथ्यपरक, निश्चयात्मक तथा लिखतको प्रमाणबाट स्थापित हुन सके मात्र सो जिकीर लिने व्यक्तिको पक्षमा प्रमाणयोग्य हुन सक्ने हुन्छ र सो जिकीर त्यस्तो निर्विवाद र तथ्यपरक प्रमाणबाट स्थापित हुन नसके त्यस्तो जिकीर लिने व्यक्तिका विरूद्ध नै प्रमाण लाग्न जान्छ । प्रस्तुत मुद्दामा यी प्रतिवादी चार्ल्स शोभराज मृतक कोन्नीजो हत्या भएको समयमा आफू नेपालमा नरहेको भन्ने मात्र बयानमा उल्लेख गरेको देखिएको तर सो अवस्था निज कहाँ कुन देशमा वा कुन स्थानमा थिए भनी स्पष्ट र विश्वासप्रद तवरबाट भन्न नसकेको स्थितिमा निजको सो इन्कारी कथनलाई अदालतले प्रमाणयोग्य मान्न नमिल्ने ।

कुनै प्रत्यक्ष प्रमाणको रूपमा व्यक्त गर्ने साक्षीले परीक्षणको क्रममा घटना वा अपराधका सम्बन्धमा असत्य वा झूठो व्यक्त गर्न सक्दछ तर परिस्थिति र तथ्यले कहिल्यै झूठो बोल्दैन भन्ने मान्यताको जगमा परिस्थितिजन्य प्रमाणको सिद्धान्त अडेको हुन्छ । साधारणतया परिस्थितिजन्य प्रमाणलाई प्रत्यक्ष प्रमाण भनिँदैन त्यसैकारणबाट एउटा आमधारणा बनेको छ कि परिस्थितिजन्य प्रमाण प्रत्यक्ष प्रमाणभन्दा कम महत्वपूर्ण हुन सक्छ । यद्यपि यो धारणा सदैब सत्य हुन सक्दैन । निश्चय नै प्रत्यक्ष प्रमाणलाई तुलनात्मक रूपमा बढी शक्तिशाली मान्न सकिएला, तर एक पेशेवर अपराधीले कसैले देख्ने गरी अपराध नगर्ने र अपराधसँग सम्बिन्धत दशी प्रमाण समेत नष्ट गर्ने हुँदा सफल फौजदारी कारवाहीमा अक्सर परिस्थितिजन्य प्रमाण माथि नै भर पर्नु पर्ने वाध्यता रहन्छ । त्यसैले अप्रत्यक्ष वा परिस्थितिजन्य प्रमाणलाई फौजदारी न्याय प्रशासनमा स्थान दिइएको हो । व्यावहारिक रूपमा हेर्दा परिस्थितिजन्य प्रमाणलाई दबाउन, लुकाउन, वा तोडमरोड गर्न (Fabricate) गर्न कठिन हुने हुँदा प्रत्यक्ष प्रमाणभन्दा यो बढी उपयोगी र भरपर्दो मानिने ।

अपराधीको मनोविज्ञान (Criminal Psyghology) ले कुनै एउटा प्रक्रियाबाट अपराध गर्दा अपराधीलाई सफलता हासिल भएमा पुनः पटक-पटक सोही कार्य दोहोऱ्याई रहन उत्प्रेरित गराउने ।

हेनरिकस बिन्टान्जाको नामले बसेको एलेन गोटिएर भन्ने चार्ल्स गुरूमुख शोभराज भन्ने एउटै व्यक्ति रहेको र यी पुनरावेदक प्रतिवादी चार्ल्स गुरूमुख शोभराज (CHARLS GURUMUKH SOBHRAJ) को कार्य र व्यवहारका उपर्युक्त तथ्यहरू मालाकार कडीको रूपमा आवद्ध भई निजको अभियोग दावीबमोजिम कोन्नीजो ब्रोन्जिचलाई हत्या गरेको भनी परिस्थितिजन्य प्रमाणहरूबाट स्थापित हुन आएको देखिएकोले अभियोग दावीबमोजिम निजले कसूर अपराध गरेको देखिदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी
दीपककुमार दाहाल, श्रीप्रसाद सञ्जेल
कम्प्युटरः अमिररत्न महर्जन
विदुषी रायमाझी

इति संवत् २०६७ साल साउन १४ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६२ सालको दे.पु.नं. ८०३६, अबण्डा जग्गा बण्डा गरिपाऊँ, *विष्णुमाया सापकोटा वि. पुनराम सापकोटा*

अदालतबाट भएको फैसलाबमोजिम कार्यान्वयन तहमा गई आफ्नो हक जति सो फैसला कार्यान्वयन गराउन नसकेको र सो मुद्दाको फिरादमा दावी लिएको विषयमा नै प्रस्तुत मुद्दामा पुनः दावी लिएको देखिँदा त्यस्तो दावीउपर अदालतबाट पुनः विचार र निर्णय हुन नसक्ने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल
कम्प्युटर : अमिररत्न महर्जन

इति सम्बत् २०६६ साल माघ १३ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** ०६४-WO-००३३, उत्प्रेषण परमादेश, *टंकबहादुर कार्की वि. लोकसेवा आयोग केन्द्रीय कार्यालय समेत*

निवेदकले जुन पदको बढुवा सिफारिशको निर्णय उत्प्रेषणद्वारा बदर गरी सो पदमा आफ्नो बढुवा गर्न र परमादेशको माग दावी लिई प्रस्तुत रिट निवेदन दिएकाले सो पदमा निजको बढुवा र पदस्थापना समेत भइसकेको अवस्थामा प्रस्तुत रिट निवेदनको औचित्य र प्रयोजन समेत नरहने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : बिदुषी रायमाझी

इति संवत् २०६६ साल चैत २४ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** ०६४-WO-०१४१, परमादेश, *तेजबहादुर सुवेदी वि. सामान्य प्रशासन मन्त्रालय समेत*

निवेदकले आफ्नो माथिल्लो शैक्षिक योग्यताबापतको अतिरिक्त अङ्क प्रदान नगर्दा आफूलाई भविष्यमा असर पर्ने भनी जिकीर लिएको सम्बन्धमा विचार गर्दा निवेदकको संविधान एवं कानूनद्वारा प्रदत्त हकमा जतिबेला आघात पर्छ वा पर्न जाने हुन्छ, सोही बेला निजले आफ्नो हक प्रचलन गराउन कानूनबमोजिम उपचारको अवलम्बन गर्नसक्ने नै हुन्छ । कसैको हक अधिकारमा भविष्यमा असर पर्ला भन्ने अदालतले पूर्व अनुमान गरी परमादेशको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : बिदुषी रायमाझी

इति संवत् २०६६ साल चैत २४ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री रणबहादुर बम,** २०६३-WO-०४८८, उत्प्रेषण परमादेश, *सुरेन्द्रकुमार साह वि. सहजादा अन्सारी समेत*

लेनदेन मुद्दामा दावी भएको साँवा ब्याज बुझाइसकेको भनी भरपाई पेश भै साँवा ब्याज भरी पाउने नपाउने भन्ने सम्बन्धमै निर्णय हुन बाँकी र रोक्का रहेको जग्गा फुकुवा गर्दा आधार लिइएको अंश मुद्दाको मिलापत्र बदरको लागि मुद्दा परी विचाराधीन रही सोही मुद्दाबाट निवेदन दावीका विषयमा निराकरण हुने अवस्था भएको हुँदा निवेदकको सम्पत्तिसम्बन्धी हकमा हनन् भएको मान्न नमिल्ने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल

कम्प्युटर : बिदुषी रायमाझी

इति संवत् २०६६ साल चैत १५ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री रणबहादुर बम,** २०६३-WO-०४८६, उत्प्रेषण, परमादेश *नारायणप्रसाद काफ्ले वि. स्वास्थ्य सेवा विभाग टेकु काठमाडौं समेत*

अधिकृत छैठौं तहमा स्तर वृद्धि भइसकेका कर्मचारीहरूलाई पाँचौं तहको भनी सरूवा पत्र दिँदा निजले पाउने तलब, भत्ता र कानूनबमोजिम उपभोग गर्ने सुविधासम्बन्धी हक स्वतः प्रभावित हुन गई निजको हक अधिकारमा प्रत्यक्षतः आघात पर्ने स्पष्ट छ । अतः अधिकृत छैठौं तहमा स्तर वृद्धि भइसकेका यी निवेदक कर्मचारीलाई पाँचौं तह भनी दिएको सरूवा पत्र र तत्सम्बन्धी विपक्षीहरूबाट भएको निर्णयमा सो हदसम्म त्रुटि देखिएको हुँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : बिदुषी रायमाझी

इति संवत् २०६७ साल जेठ ४ गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री रणबहादुर बम,** २०६३-WO-०७१०, उत्प्रेषण, *देवीनारायण चौधरी वि. पुनरावेदन अदालत, राजबिराज समेत*

जुन मुद्दाको कारवाहीमा रोक्का राखेको जग्गा फुकुवा गरेबाट हक हुन गएको भन्ने रिट निवेदकको दावी छ सोही लेनदेन मुद्दाको बिगो भराउने कार्य सम्पन्न भइसकेको देखिएकोले प्रस्तुत

रिट निवेदनको औचित्य नै समाप्त भै सकेको देखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्नु नपर्ने ।

इजलास अधिकृत : नारायणप्रसाद दाहाल

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०६६ साल चैत १५ गते रोज १ शुभम् ।

९

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६६ सालको WO-००४०, बन्दीप्रत्यक्षीकरण, *हिरा घिमिरे (अधिकारी) वि. महानगरीय प्रहरी परिसर, काठमाडौं समेत*

बैंकिङ कसूर अपराधका सम्बन्धमा जाहेरी परेको अर्के कसूरको अभियोगमा अधिकार प्राप्त पुनरावेदन अदालतको वाणिज्य इजलासको न्यायाधीशको आदेशबाट मुद्दाको कारवाहीको सिलसिलामा पक्राउ परी यी निवेदक न्यायिक हिरासतमा रहेका देखिएकोले निज निवेदक ध्रुब भन्ने विष्णु घिमिरेलाई थुनामा राखेको कार्यलाई गैरकानूनी थुना हो भनी भन्न सकिने स्थितिको विद्यमानताको अभावमा बन्दीप्रत्यक्षीरणको रिट जारी हुन नसक्ने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल

कम्प्युटर : अमिररत्न महर्जन

इति सम्बत् २०६६ साल फागुन १७ गते रोज २ शुभम् ।

१०

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५-CI-०१७६, परमादेश, *ललितनारायण मण्डल समेत वि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

निवेदकहरूलाई मिति २०६४।२।१४ देखि लागू हुने गरी स्वास्थ्य सेवा ऐन, २०५३ ( संशोधनसहित) को दफा ९० बमोजिम स्वास्थ्य सेवाको अधिकृत छैठौं तहमा स्तरवृद्धि गरिएको कानूनविपरीत दिइएको उक्त स्तरवृद्धि गर्ने निर्णय र पत्र बदर गर्न निवेदकको निवेदन परेको नदेखिई हालसम्म सो निर्णय बदरतर्फको कार्यविधि पूरा गरी निर्णय बदर नभएसम्म निवेदकहरूलाई छैठौं तहमा स्तर वृद्धि गर्ने गरी भएको निर्णय र सोहीबमोजिम दिएको स्तर वृद्धिको पत्रको वैधानिक स्थितिलाई स्वीकार गर्नुपर्ने नै हुन्छ । उक्त निर्णय र पत्र बदरतर्फ निवेदकहरूको निवेदन परेको समेत कहीँ कतैबाट नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : सुदीप दंगाल

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल कात्तिक १२ गते रोज ५ शुभम् ।

११

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** ०६६-WH-००३६, बन्दीप्रत्यक्षीकरण, *देवचन्द्र दमाई वि. प्रधान सेनापति, नेपाली सेना जङ्गी अड्डा, भद्रकाली समेत*

सैनिक ऐन, २०६३ अन्तर्गत गठन भएको समरी जनरल सैनिक अदालतबाट भएको फैसलामा चित्त नबुझे सोउपर सैनिक विशेष अदालतमा पुनरावेदन गर्नसक्ने कानूनले तोकिएको सामान्य, प्रभावकारी एवं वैकल्पिक उपचारको मार्ग यी निवेदकहरूले अवलम्बन गर्नुपर्नेमा सो नगरी समरी जनरल सैनिक अदालतको फैसलामा चित्त बुझाई बसेको अवस्थामा सो फैसलाको कार्यान्वयन स्वरूप कैदमा राखेकोलाई यस अदालतले असाधारण क्षेत्राधिकारअन्तर्गत रिट क्षेत्रबाट सो फैसलाका सम्बन्धमा विचार गर्न मिल्ने देखिँदैन । तसर्थ कानूनबमोजिम गठन भएको अदालतबाट भएको फैसलाअनुसार कैदी पूर्जी दिई कैदमा राखिएको कार्यबाट निवेदकहरूको संविधान एवं कानूनप्रदत्त हकमा आघात परेको सम्झन नमिल्ने ।

इजलास अधिकृत : पुष्पराज थपलिया

कम्प्युटर : बिदुषी रायमाझी

इति संवत् २०६७ साल जेठ ४ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको ०६६-WH-०३३, बन्दीप्रत्यक्षीकरण, *ज्ञानप्रसाद खनाल वि.. प्रधान सेनापति, नेपाली सेना जङ्गी अड्डा, भद्रकाली समेत* भएको यसैअनुरूप निर्णय भएको छ ।

१२

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६१ सालको फौ.पु.न. ३१२७, आयकर, *चूडामणि देवकोटा वि. लेखाकिरण इन्भेष्टमेन्ट कन्सर्न प्रा.लि. काठमाडौं*

करको रकम स्रोत कट्टी नगरी भुक्तानी दिएको आधारमा पूरै रकम खर्च अमान्य गर्न नहुने कर स्रोतमा कट्टा गर्नुपर्ने करको रकम असूल गर्ने गरी कर निर्धारण गर्नुपर्ने भनी यसै अदालतबाट विभिन्न मुद्दाहरूमा सिद्धान्त प्रतिपादन भएको सर्न्दभमा लेखा परीक्षकको पारिश्रमिक भुक्तानी दिएको स्रोतमा अग्रीम कर कट्टा नगरेको रकम मिनाहा हुने । खुद आयमा समाबेश गरिएको आयकर ऐन, २०३१ को दफा ५९(१) र ५९(२) अनुसार जरीवाना गर्दा दफा ५९(७) अनुसार जरीवानाको रकम निर्धारण गरेको शुरू कर कार्यालयको निर्णय केही उल्टी गरेको राजश्व न्यायाधीकरण काठमाडौको फैसला त्यस हदसम्म त्रुटिपूर्ण देखिई नमिलेको हुँदा केही उल्टी भई ऐनको उक्त दफाबमोजिम जरीवाना गर्ने गरेको कर कार्यालयको निर्णय मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत : पुष्पराज थपलिया
कम्प्युटर : बिदुषी रायमाझी
इति संवत् २०६६ साल चैत २३ गते रोज २ शुभम् ।

- यसमा यस्तै प्रकृतिको २०६१ सालको फौ.पु.नं. ३१२५, आयकर, *चूडामणि देवकोटा वि. लेखाकिरण इन्भेष्टमेन्ट कन्सर्न प्रा.लि., डिल्लीबजार काठमाडौं* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

१३

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५-CI-०८२३, निषेधाज्ञा, *प्रेमबल्लभ जोशी समेत वि. शान्तिदेवी खत्री समेत*

अदालतबाट फैसला भै विभिन्न व्यक्तिका नाउँमा हस्तान्तरण समेत भै गएको भनी मिसिल संलग्न लिखतको प्रतिलिपिबाट देखिएको जग्गामा पुनरावेदकको निर्विवाद हक भोगको स्वामित्वसम्बन्धी कुनै प्रमाण समेत भएको नदेखिएको अवस्थामा निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : सुदीप दंगाल
कम्प्युटर : रानु पौडेल
इति संवत् २०६६ साल कात्तिक १२ गते रोज ५ शुभम्

## इजलास नं. ६

१

**मा.न्या श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री ताहिर अली अन्सारी,** २०६६ सालको रिट नं. ०६६-WO-०११४, उत्प्रेषण परमादेश, *राजेन्द्रबहादुर थापा मगर वि. प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकलाई अवकाश दिनु पूर्व कानूनद्वारा स्पष्ट तोकिएको प्रावधानविपरीत लुम्बिनी विकास कोषको सदस्यसचिव पदबाट अवकाश दिने गरेको नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६६।४।२५ को निर्णय एवं सोको आधारमा संघीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालयले निवेदकलाई दिएको, मिति २०६६।४।३० को पत्र समेत उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । मिति २०६६।५।१० मा यस अदालतबाट जारी भएको अन्तरिम आदेशबमोजिम निवेदक पूर्ववत् पदमा यथावत कायम रही काम काज गर्दै रहेको देखिँदा उक्त पदमा निवेदकलाई यथावत् रूपमै कामकाज गर्न दिनु भनी विपक्षीका नाममा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृत : सुदीप दंगाल
कम्प्युटर : सरस्वती पौडेल
इति संवत् २०६६ साल पौष ५ गते रोज १ शुभम् ।
यसमा यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६६ सालको रि.नं. ०६६-WO-०११७, उत्प्रेषण परमादेश, *कर्मा साङ्बो शेर्पा वि. प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६६ सालको रि.नं. ०६६-WO-०१७०, उत्प्रेषण परमादेश, *मझिलाल थारू थनेत वि. प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

२

**मा.न्या श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री राजेन्द्रप्रसाद कोइराला,** २०६२ सालको स.फौ.पु.नं.

३३३१, काठ चोरी निकासी, *नेपाल सरकार वि. दीपकराज चटौत*

अभियोग लगाइसकेपछि सो अभियोग शंकारहित तवरले पुष्टि गर्ने दायित्व अभियोजन पक्षमा रहनेमा सहअभियुक्तको बयानको क्रममा भएको पोलबाहेक सो पोललाई समर्थन गर्ने अन्य प्रमाण अभियोजन पक्षले पेश गर्न नसकेको र सोही पोलको आधारमा मात्र यी प्रत्यर्थी दीपराज चटौतलाई प्रतिवादी कायम गर्न नमिल्ने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६६ साल फागुन ४ गते रोज ३ शुभम्

- यसमा यसै लगाउको २०६३ सालको दे.पु.नं. ५९२, राजश्व चुहावट, *नेपाल सरकार वि. विवेक खन्ना समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री राजेन्द्रप्रसाद कोइराला,** २०६३ सालको दे.पु.नं. ५५७, रकम दिलाई पाऊँ, *माधबराज पन्त समेत वि. काठमाडौं फाइनान्स लिमिटेड*

बैंकले स्पष्ट शर्त उल्लेख गरी निश्चित प्रयोजनको लागि जारी गरेको परफरमेन्स बण्डको आधारमा प्रत्यर्थीले शर्तभन्दा पृथक अर्थ गरी फरक प्रयोजनको लागि जमानतको रूपमा प्रयोग गरेको देखिएको र यसरी फरक प्रयोजनको लागि प्रयोग गर्नुपूर्व त्यस्तो बण्ड जारी गर्ने बैंकलाई जानकारी पनि नगराइएको तथा स्वीकृति पनि नलिइएको अवस्थामा पुनरावेदक बैंकले दायित्व सो बैंकले उल्लेख गरेको शर्तभन्दा बढी हुन्छ वा दायित्व स्वतः विस्तार हुन्छ भनी मान्न नसकिने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल फागुन ४ गते रोज ३ शुभम् ।

४

**मा.न्या श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री प्रेम शर्मा,** २०६२ सालको रि.नं. ३२२४, उत्प्रेषण परमादेश, *बुद्धिराज कोइराला वि. वन तथा भू संरक्षण मन्त्रालय समेत*

सर्भे नापीको समयदेखि नै दावी नलिई उक्त जग्गा सरकारी जङ्गल भनी दर्ता भएको निकै लामो समयपश्चात् अर्थात् मिति २०६२।१२।६ मा मात्र निकै बिलम्ब गरी निवेदक आफ्नो हक खोज्न अदालत प्रवेश गरेको देखियो । आफ्नो हक अधिकार खोज्ने पक्ष उक्त हक अधिकारप्रति उत्ति नै चनाखो र सजग हुनु पर्दछ । समयमै आफ्नो गुमेको हकप्रति जागरूक भै निकास नखोज्ने व्यक्तिलाई समय तत्वको निकै अन्तराल पछि रिट क्षेत्रबाट अदालतले हस्तक्षेप गर्न नमिल्ने ।

इजलास अधिकृत : सुदीप दंगाल

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल पुस २ गते रोज ५ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या. श्री गौरी ढकाल र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६२ सालको फौ.पु.नं. ३४२४, लागू औषध, *नेपाल सरकार वि. श्यामसुन्दर यादव समेत*

प्रतिवादीहरू उपरको अभियोग कायम गर्ने आधार लिइएको बरामदी मुचुल्काका साक्षीहरूले सो मुचुल्कामा उल्लिखित बरामद भएको भनिएको गाँजा बरामद भएको आफूले देखेको भनी अदालतमा बकपत्र गर्न सकेको अवस्था नदेखिएको हुँदा प्रस्तुत मुद्दामा उक्त बरामदीलाई शंकारहित तवरले पुष्टि भएको मान्न मिल्ने अवस्था देखिन आएन । यसका अतिरिक्त प्रतिवादीहरूका साक्षीहरूले प्रतिवादीको अदालतमा भएको इन्कारी बयानलाई समर्थन गर्ने गरी बकपत्र गरिदिएको र वादी पक्षले आफ्नो माग दावी पुष्टि गर्न सक्ने गरी अन्य प्रमाण समेत गुजार्न सकेको अवस्था समेत मिसिल संलग्न कागज प्रमाणबाट नदेखिएको अवस्था हुँदा प्रतिवादीहरू उपरको अभियोग दावी पुग्न नसक्ने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती

कम्प्युटर : निर्मला भट्ट

इति संवत् २०६७ साल जेठ ११ गते रोज ३ शुभम् ।

२

**मा.न्या. श्री गौरी ढकाल र मा.न्या.श्री रणबहादुर बम,** २०६५ सालको दे.पु.नं. ४६०, मोही हक नामसारी, *रामेश्वर पाठक वि. जोगी सहनी मलाह*

कि.नं. ९७ र १३२ मा समेत यी प्रत्यर्थीका पिता मोही निष्काशन भइसकेको भनी मिति २०३५।८।८ मा भएको फैसला कायम रहेको अवस्थामा सो जग्गामा पनि मोही नामसारी गरी पाऊँ भन्ने वादीले गरेको जिकीर दावी पुग्न सक्ने अवस्था देखिएन । कि.नं. २७० र १४४ को जग्गाको मोहियानी हक यी प्रत्यर्थी वादीका बाबुका नाममा रहेको देखिन आएकोले उक्त कि.नं. २७० र १४४ को दुई कित्ता जग्गा प्रस्तुत मुद्दाका वादीका नाममा मोही नामसारी हुने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६७ साल जेठ १४ गते रोज ६ शुभम् ।

३

**मा.न्या. श्री गौरी ढकाल र मा.न्या.श्री रणबहादुर बम,** २०६५ सालको दे.पु.नं. ८५५८, कुत दिलाई मोही निष्काशन, *रामप्रसाद यादव वि. टीकादेवी उपाध्याय*

भूमिसम्बन्धी ऐन, २०२१ मा मिति २०५३।९।२४ मा भएको चौथो संशोधनले जग्गा धनी र मोहीबीच आधा-आधा जग्गा बाँडफाँड हुने कानूनी व्यवस्था गरेको हुँदा सोभन्दा पछिल्लो सालको कुतबाली नदिएको भन्ने आधारमा मोही निष्काशन हुने संविधान र कानूनअनुकूल नहुने भनी नजीर सिद्धान्त कायम भैरहेको अवस्थामा प्रस्तुत मुद्दामा २०५६ सालको बाली नबुझाएको भन्ने आधारमा मोही निष्काशन गर्नुपर्ने अवस्था नदेखिने ।
इजलास अधिकृत : श्रीप्रकाश उप्रेती
कम्प्युटर : निर्मला भट्ट
इति संवत् २०६७ साल जेठ १४ गते रोज ६ शुभम् ।

- यसमा यसै प्रकृतिको २०६५ सालको दे.पु.नं. ६०४, कुत दिलाई मोही निष्काशन, *जोगिन्दर महतो वि. ओमप्रकाश साह* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

४

**मा.न्या. श्री गौरी ढकाल र मा.न्या.श्री रणबहादुर बम,** २०६२ सालको दे.पु.नं. ८६९८, जग्गा दर्ता, *जयराम पुडासैनी समेत वि.मालपोत कार्यालय चावहिल समेत*

मालपोत कार्यालयले गरेको निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्नसक्ने व्यवस्था भएको नदेखिनुका साथै यस सम्वन्धमा प्रतिपादित नजीर सिद्धान्त समेतबाट यी पुनरावेदकहरूले प्रस्तुत मुद्दामा पुनरावेदन अदालत पाटनमा दिएको पुनरावेदन लाग्नसक्ने अवस्था नदेखिँदा यी पुनरावेदकहरूको पुनरावेदन खारेज हुने । इजलास अधिकृत : श्रीप्रकाश उप्रेती
कम्प्युटर : रानु पौडेल
इति संवत् २०६७ साल बैशाख ६ गते रोज २ शुभम् ।

५

**मा.न्या. श्री गौरी ढकाल र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६० सालको रिट निवेदन नं. ३१९४, उत्प्रेषण, परमादेश, *युवराज शर्मा वि. साझा भण्डार सहकारी संस्था केन्द्रीय कार्यालय, भोटाहिटी समेत*

निवेदक कार्यरत संस्थाले निजको अनुपस्थितिको सम्बन्धमा नियमानुसार कारवाही र निर्णय गर्न बाँकी नै रहेको अवस्थामा यी निवेदकले मिति २०६२।११।२६ मा रिट निवेदन दायर गरेको देखिन आउँदा यी निवेदकको बिदा, हाजिरी र कार्यालयमा अनुपस्थितिको बारेमा अन्तिम निर्णय हुन बाँकी नै देखिएकोले यस्तो अपरिपक्व (Premature) अवस्थामा दायर हुन आएको प्रस्तुत रिट निवेदनको जिकीरलाई मनासिब मान्न नसकिने ।
इजलास अधिकृत : श्रीप्रकाश उप्रेती
कम्प्युटर : रानु पौडेल
इति संवत् २०६७ साल जेठ ९ गते रोज १ शुभम् ।

६

**मा.न्या. श्री गौरी ढकाल र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६० सालको रिट निवेदन नं. ३६६, उत्प्रेषणयुक्त परमादेश, *ओमप्रकाश शाह समेत वि. पुनरावेदन अदालत, जनकपुर समेत*

अ.बं. ११० नं. को व्यवस्थाबमोजिम सम्बन्धित व्यक्ति फेला नपरेको अवस्थामा दुई जना स्थानीय भलाद्मी र सम्बन्धित गाउँ विकास समितिको सदस्य वा सचिवलाई रोहबरमा राख्नु पर्ने व्यवस्था गरेको देखिएको र प्रस्तुत रिट निवेदनमा विवादित मिति २०६०।३।२६ मा भएको पुनरावेदनको म्याद तामेलीमा स्थानीय गाउँ विकास समितिका सदस्य वा सचिवलाई रोहबरमा राखेको नदेखिएको अवस्थामा सो तामेलीलाई रीतपूर्वकको मान्न नमिल्ने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल असार ११ गते रोज ६ शुभम् ।

७

**मा.न्या. श्री गौरी ढकाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको दे.पु.नं.०२०१, ०२०२, अंश चलन, *कर्मलक्ष्मी कंसाकार वि. रीना कंसाकार, उज्वलज्योति कंसाकार वि. रीना कंसाकार*

प्रतिवादी उज्वलज्योतिले आफ्नो नाउँमा रहेको शेयरहरू मध्ये आफ्नो हक हुने आधा मात्र शेयर अन्य व्यक्तिलाई हक हस्तान्तरण गरी दिनसक्ने अवस्था रहेकोमा यी दुई पति पत्नीबीच आपसी मनमुटाब र झै-झगडाका कारणले गर्दा पत्नी रीनालाई निरअंशी बनाउने उद्देश्य राखी निज पत्नीलाई थाहा जानकारी नदिई, निजको मञ्जूरी नलिई छुट्टिई भिन्न भैसकेकी आफ्नी आमा प्रतिवादी कर्मलक्ष्मीको नाउँमा आफ्नो नाउँमा रहेको सम्पूर्ण शेयर नामसारी गरिदिएको देखिन आएकोले यस्तो कारवाहीलाई मान्यता दिन नमिल्ने ।

इजलास अधिकृत : फणिन्द्र पराजुली

कम्पयुटर : रानु पौडेल

इति संवत् २०६७ साल जेठ ५ गते रोज ४ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रेम शर्मा,** २०६२ सालको फौ.पु.न.. ३२४२, भ्रष्टाचार, *थानेश्वरप्रसाद कोइराला वि. नेपाल सरकार*

भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा यसको निरन्तरतामा रहेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) मा भएको कानूनी व्यवस्था हेर्दा कुनै व्यक्तिले राष्ट्रसेवकको ओहदा पाउने वा सो ओहदामा बहाल रहने उद्देश्यले शिक्षासम्बन्धी कुनै योग्यता, नाम, तीनपुस्ते, उमेर, जात, थर, वतन, नागरिकता वा अयोग्यता ढाँठेमा भ्रष्टाचारको कसूर गरेको मानिने छ भन्ने व्यवस्था रहेको देखिन्छ । कुनै राष्ट्रसेवकले नक्कली शैक्षिक प्रमाणपत्र पेश गर्दछ भने त्यसमा ऐनको उक्त दफामा उल्लिखित उद्देश्य निहीत रहेको मान्नुपर्ने हुन्छ । प्रत्यक्ष रूपले कुनै लाभ वा सुविधा प्राप्त गरिसकेको कुरा प्रमाणित हुन आवश्यक हुँदैन । यी पुनरावेदकले विवादित प्रमाणपत्र पेश गरेको कुरा निज स्वयंले स्वीकार गरेको अवस्था हुँदा उल्लिखित कानूनी ब्यवस्थाको परिप्रेक्ष्यमा निजको उक्त कार्यलाई कसूरजन्य होइन भन्न नमिल्ने ।

कुनै राष्ट्रसेवक आफू कुनै सरकारी वा सार्वजनिक पदमा बहालमा रहेको अवस्थामा गरेको भ्रष्टाचारजन्य गैरकानूनी कार्यका लागि निजउपर भ्रष्टाचार निवारण ऐनअन्तर्गत मुद्दा चलाउन प्रचलित ऐनले कुनै हदम्याद निर्धारण गरेको नदेखिँदा जहिलेसुकै पनि त्यस्तो मुद्दा वा अभियोग दावी दायर गर्न सक्ने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल फागुन २१ गते रोज ६ शुभम् ।

२

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६२ सालको फौ. वि. नं. १२६, अदालतको अपहेलना, *रामबाबु थापा वि. मालपोत कार्यालय काठमाडौं समेत*

अदालतले गरेको फैसलाको कार्यान्वयन गर्दा पनि अन्य कानूनको उपेक्षा वा बेवास्ता गर्न मिल्ने होइन । कानूनी प्रक्रियाअनुरूप अदालतको फैसला कार्यान्वयन गर्नुपर्ने हुन्छ । यस सन्दर्भमा २०६१।११।२६ को यस अदालतको फैसला हेर्दा निवेदकको हकको जग्गा फुकुवा गर्नेसम्मको आदेश यस अदालतले दिएको पाइन्छ । निवेदकको हकै

नपुग्ने जग्गाको हकमा उक्त फैसलाले बोलेको मान्न मिलेन । उक्त मितिको फैसला आदेशअनुसार निवेदकको हकको जग्गा फुकुवा भई उक्त मितिको फैसला समेत कार्यान्वयन भैसकेको भन्ने लिखित जवाफबाट देखिन आएकोले निवेदनमा उल्लेख भएअनुसार विपक्षीहरूद्वारा यस अदालतको अपहेलना भएको देखिन नआउने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ
संवत् २०६६ साल माघ २६ गते रोज ३ शुभम् ।

- यसमा यसै प्रकृतिको २०६२ सालको विविध नं. १४२ अदालतको अपहेलना, *रामबाबु थापा वि. मालपोत कार्यालय काठमाडौं समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६४ सालको रिट नं. ०७९१, उत्प्रेषणयुक्त परमादेश, *रामबाबु थापा वि. मालपोत कार्यालय, डिल्लीबजार काठमाडौं*

रिट क्षेत्रबाट जग्गाको स्वामित्व विवाद सम्बन्धमा निर्णय गर्न मिल्ने हुँदैन । तसर्थ निवेदकको जग्गा फुकुवा समेत गर्ने गरी २०६४।५।१९ मा भएको मालपोत कार्यालयको निर्णयबाट यी निवेदकको संवैधानिक वा कानूनी हकमाथि आघात पुगेको वा सो निर्णयमा अधिकारक्षेत्रात्मक त्रुटि रहेको समेत नदेखिँदा माग बमोजिम उक्त मितिको निर्णय बदर गर्ने गरी उत्प्रेषण समेतको आदेश जारी गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ
इति संवत् २०६६ साल माघ २६ गते रोज ३ शुभम् ।

- यसमा यसै लगाउको २०६३ सालको रिट नं. ०७८४, *रामबाबु थापा वि. मालपोत कार्यालय काठमाडौं समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

४

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०५८ सालको फौ.पु.नं. २८०५, २८६९, भ्रष्टाचार, *टीकानिधि रिजाल वि. नेपाल सरकार, अर्जुन के.सी.वि. नेपाल सरकार*

अपराध अनुसन्धानको क्रममा नोटहरूको नम्बर समेत टिपिएर एउटा सरकारी निकायले दिई पठाएको नोटहरू कार्यालय समयमा सोही कार्यालयको कर्मचारीबाट बरामद भएकोलाई अन्यथा भएको भन्नु वा मान्नुपर्ने अवस्था छैन । बरामद रकम राजश्वको रकम होइन भन्ने देखिइसकेपछि रिश्वतको रकम होइन वा जानेर राखेको होइन वा रिश्वत लिएको होइन भन्ने प्रतिवादीहरूको प्रतिरक्षात्मक जिकीर निराधार देखिन आउँछ । रिश्वतको रकमको बरामदी भएबाट यिनै प्रतिवादीहरूले मागी लिएको पुष्टि भएको छ । रिश्वतको रकम बरामद हुनु नै आपराधिक बदनियत र आपराधिक कार्यको पुष्टि गर्दछ । यस्तो अवस्थामा शंकाको कुनै गुञ्जायस नहुने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ
संवत् २०६६ साल पुस २६ गते रोज १ शुभम् ।

५

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६२ सालको फौ.पु.नं. ३७८१, ३१३६, ३३३६, ०१०७, ०२२९ भ्रष्टाचार, *तुल्सीराम पाण्डे वि.नेपाल सरकार, भरत चौधरी वि. नेपाल सरकार, गोपालप्रसाद ढुंगेल वि. नेपाल सरकार, केदारप्रसाद पलाञ्चोके वि. नेपाल सरकार, श्रीनारायणलाल कर्ण वि.नेपाल सरकार*

सहायक कर्मचारीको रूपमा रहेका भरत चौधरीले नामसारी दर्ता गर्ने टिप्पणीमा दस्तखत गर्नु नगर्नुको कुनै औचित्य छैन । टिप्पणी उठाउने काम प्र. श्रीनारायणले नै गरेको देखिन्छ । निज भरत चौधरीको सो टिप्पणीमा सही भएको र जीपहरू दर्ता भएको तथ्यलाई स्वीकार गर्नुलाई मात्र भ्रष्टाचारको कसूर गरेको आधारको रूपमा मान्न मिलेन । अन्य प्रतिवादीहरूसँग आपराधिक मिलेमतो भएको कुरा पनि सबुद प्रमाणबाट देखिएको छैन । यस्तो अवस्थामा एउटा कर्मचारी भएकै कारण प्रतिवादी भरत चौधरीलाई आरोपित कसूर गरेको ठहऱ्याउन नमिल्ने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ
इति संवत् २०६६ साल माघ १७ गते रोज १ शुभम् ।

- यसमा यस्तै प्रकृतिको २०६२ सालको फौ.पु.नं. ३७८२, भ्रष्टाचार, *तुल्सीराम पाण्डे वि. नेपाल सरकार* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

६

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६१ सालको दे.पु.नं. ९०१८, मोहीको नाम संशोधन गरी नामसारी गरिपाऊँ, *सानुकान्छी बिष्ट वि. लीला बिष्ट*

शुरू निकायले गरेको निर्णयउपर दायर हुन आएको पुनरावेदनमा कुनै प्रमाण बुझ्न छूट भएको भए सो प्रमाण बुझ्न र तल्लो निकायले गर्न पाउने फैसला गर्ने समेतका अधिकार पुनरावेदन सुन्ने अदालतलाई भएको अवस्थामा सोबमोजिम नगरी पुनः शुरू निकायमा प्रमाण बुझी निर्णय गर्न पठाएको कार्य कानूनी प्रावधानको यथोचित प्रयोग भएका मान्न सकिन्न । अर्कोतर्फ शीघ्र न्याय सम्पादन गर्नु अदालतको न्यायिक दायित्व पनि भएको हुँदा कानूनबमोजिम आफूले निर्णय गर्न पाउने अधिकारको प्रयोग नगरी पुनः शुरूमा पठाउँदा न्यायिक कार्यमा ढिलाई हुन गई न्यायका उपभोक्ताहरूले अनावश्यक हैरानी समेत व्यहोर्नु पर्ने हुँदा शीघ्र न्यायको दृष्टिकोण समेतबाट पुनरावेदन सुन्ने अदालतबाट नै अनावश्यक थप प्रमाण बुझ्नु पर्ने भए बुझी निर्णय गर्नुपर्ने ।

इजलास अधिकृत : शिवप्रसाद खनाल

कम्पयुटर : धनबहादुर गुरूङ्ग

इति संवत् २०६७ साल बैशाख २९ गते रोज ४ शुभम् ।

- यसमा यसै लगाउको २०६१ सालको दे.पु.न. ९०१९, परमादेश सहितको निषेधाज्ञा, *सानुकान्छी बिष्ट वि. ज्ञानी बिष्ट समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएकोछ ।

## इजलास नं. ९

१

**मा.न्या. श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री रणबहादुर बम,** २०६५ सालको दे.पु.नं. ०५७४, निर्णय बदर, *राजेन्द्रबहादुर बुढाथोकी समेत वि.फैढोका प्राथमिक विद्यालय ताथली, भक्तपुर*

नापीको समयमा विवादको कि.नं ९० को जग्गामा पुनरावेदक स्वयं आफ्नो उपस्थितिमा समेत आफ्नो नाउँमा नापी गराउन सकेको देखिँदैन । सर्भे नापी हुँदाका अवस्थामा फिल्डबुकमा सार्वजनिक पर्तिको रूपमा नापीले जनाएको अवस्थामा तत्काल उजूर नगरी नापनक्सा गराउन नसक्नाको उचित कारण समेत दिन सकेको पाइदैन । दर्ताको कारवाहीकै क्रममा विपक्षीले खिचोला गरेको भनी उल्लेख गरेको भए तापनि मिसिल संलग्न कागजातले सो भनाई समर्थित गर्न सकेको अवस्था छैन । कारवाहीको क्रममा खिचोला भएको भए खिचोलातर्फको कारवाही चलाएको तथ्य मिसिल संलग्न कागजातबाट खुल्दैन । २०२१ सालको नापीपश्चात् संवत् २००८ सालको चलन पूर्जीअनुसार पुनरावेदकले सार्वजनिक पर्ति जनिएको जग्गामा भोगको निरन्तरता समेत नदेखाएको अवस्था विद्यमान हुँदा पुनरावेदन जिकीरअनुसार हुने अवस्था नदेखिने ।

इजलास अधिकृत : चन्द्रप्रकाश तिवारी

कम्प्युटर : शम्भुप्रसाद शाह

इति संवत् २०६६ साल फागुन २५ गते रोज ३ शुभम् ।

२

**मा.न्या. श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री रणबहादुर बम,** २०६१ सालको दे.पु.नं. ८९०४, हक कायम, *कृष्ण गोसाई समेत वि.पूर्णबहादुर बुढाथोकी समेत*

कि.नं. ७३८ को हकमा पुनरावेदन अदालत, पाटनले सो जग्गा नीलबहादुरका नाउँमा दर्ता हुनसक्ने चार किल्ला भिडान भएको देखिएको स्थिति रहेको भनी फैसलाको क्रममा बोलिएको भए तापनि हालसमम सो जग्गा दर्ता गरी तिरो चलाई भोग कायम गरेको स्थिति नदेखिँदा जग्गा आवाद गर्नेको ११ र १६ न. अनुसार पनि कि.नं. ७३८ मा दर्ता गराई भोग गर्न प्रतिवादी नीलबहादुरलाई अधिकार भएको देखिन आएन । विद्यालयको हक भोगमा रहेको कि.न.९० को जग्गाको निकास बाटो कि.नं. ७३८ रहेको मिसिल संलग्न कागजातहरूले

पुष्टि गरिरहेको अवस्थामा सो सार्वजनिक पर्तिकै रूपमा रहेको कित्ता नम्बर ७३८ को जग्गा प्रतिवादी नीलबहादुर समेतको नाउँमा दर्ता गर्न कानूनतः मिल्ने नदेखिँदा फिराद दावीअनुसार प्रतिवादीहरूको नाउँको दर्ता बदर भै वादीहरू समेतले उपभोग गर्न पाउने गरी सार्वजनिक कायम हुने ।

इजलास अधिकृत : चन्द्रप्रकाश तिवारी

कम्प्युटर : शम्भुप्रसाद शाह

इति संवत् २०६६ साल फागुन २५ गते रोज ३ शुभम् ।

३

**मा.न्या. श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री रणबहादुर बम,** २०६१ सालको साधक नं. २२२, २०६६-FN-००१८, FN-००१७ कर्तव्य ज्यान, *नेपाल सरकार वि. रञ्जितकुमार यादव समेत, रामबहादुर यादव वि. नेपाल सरकार, नेपाल सरकार वि. सञ्जितकुमार यादव*

प्रतिवादीहरू समेत संलग्न भई मृतक समेतलाई कुटपीट गरेको कारण मृतकको मृत्यु भएको देखिँदा यी दुवैजना प्रतिवादीहरू रामकुमार यादव र सञ्जितकुमार यादवका हकमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ।

इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली

कम्प्युटर : धनबहादुर गुरूङ्ग

इति संवत् २०६६ साल मंसीर ४ गते रोज ५ शुभम् ।

४

**मा.न्या. श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. ८२१०, निर्णय बदर, *डा.कृष्ण मानन्धर वि. केशवदेव पन्त समेत*

एकै कित्ताका जग्गामा आ-आफ्ना दावी सबूद प्रमाण र कानूनी जिकीर समेतका आधारमा दोहोरो दावी सिर्जना भएपश्चात् उत्पन्न हुने प्रश्न भनेको हक बेहकसम्बन्धी प्रश्न नै हो यस्तो प्रश्न सिर्जना भएको अवस्थामा ऐनको उपरोक्त व्यवस्थाअनुसार निर्णय गर्नसक्ने अधिकार मालपोत कार्यालयलाई रहे भएको देखिँदैन । आफ्नो अधिकारक्षेत्रभन्दा बाहिरको विषयको प्रश्न उपस्थित भएको अवस्थामा त्यस्तो विषयमा निर्णय गर्नसक्ने सक्षम क्षेत्राधिकार भएको अड्डामा हक कायमको लागि जानु भनी सुनाउनु पर्ने प्राथमिक दायित्व सम्बन्धित अड्डालाई रहने मानिन्छ । त्यस्तो दायित्व रहेको अड्डाका अधिकारीले आफूलाई प्राप्त नभएको अधिकारक्षेत्र ग्रहण गरी निर्णय गरेको भएमा त्यस्तो निर्णयमा अधिकारक्षेत्रात्मक त्रुटि रहेको मान्नुपर्ने ।

इजलास अधिकृत : चन्द्रप्रकाश तिवारी

कम्प्युटर : शम्भुप्रसाद शाह

इति संवत् २०६६ साल माघ २४ गते रोज १ शुभम् ।

## इजलास नं. १०

१

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री रणबहादुर बम,** २०६६ सालको रिट नं. WH-००७०, बन्दीप्रत्यक्षीकरण, *राकेशकुमार साह वि. जिल्ला प्रशासन कार्यालय धनुषा समेत*

निवेदकहरूलाई हातहतियार खरखजानासम्बन्धी अपराधमा पक्राउ गरिएको र सोको अनुसन्धान भई अभियोग पत्र दायर भई निजउपर कानूनबमोजिम थुनछेकको कारवाही भएको देखिन्छ । देशको अपराधजन्य भनी वर्गीकृत गरेको कानून उल्लंघन गरेको कारण अनुसन्धान शुरू भई मुद्दा पुर्पक्षको सिलसिलामा परेको थुनालाई गैर कानूनी (Unlawful Detention) मानिदैन त्यसकारण साधारण अधिकार क्षेत्रको प्रयोग हुने मुद्दाको तथ्यमा प्रवेश गरी प्रमाणको मूल्याङ्कन र न्याय निरूपण गर्ने कार्य जिल्ला प्रशासन कार्यालयबाट हुने नै हुँदा प्रस्तुत रिटबाट हस्तक्षेप गरी बन्दीलाई थुना मुक्त गर्नु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । सो हदसम्म बन्दीप्रत्यक्षीकरणको रिट निवेदन खारेज हुने ।

प्रमुख जिल्ला अधिकारीजस्तो अर्धन्यायिक पदाधिकारीले आफ्नो कार्यालयमा दायर भएका मुद्दाहरूमा आफ्नो कानूनी दायित्वको पालना कानूनले निर्धारित गरेको समयसीमा भित्रै रही निर्धारित प्रक्रिया अपनाई छिटोछरितो र प्रभावकारी न्याय सम्पादन गर्नुपर्नेमा सो तर्फ ध्यान नदिई अभियुक्तहरू लामो समयसम्म पुर्पक्षको लागि

थुनामा नै राखिरहने परिस्थिति सिर्जना गरेको देखिएकोले यी र यस्तै प्रकृतिका अभियोग लागेका मुद्दाहरूमा छिटो कारवाही किनारा गर्न उचित ध्यान दिई समयमा मुद्दा किनारा गर्नु गराउनु भनी यो फैसलाको प्रतिलिपि राखी सम्पूर्ण जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गरी उचित निर्देशन दिई सोको जानकारी यस अदालतलाई समेत गराउनु भनी गृह मन्त्रालयका सचिवको नाउँमा निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृतः दीपक ढकाल, परशुराम भट्टराई

इति संवत् २०६७ साल साउन ९ गते रोज १ शुभम् ।

२

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६२ सालको दे.पु.नं. ८६८५, ८७८४, निषेधाज्ञा, *उमेशप्रसाद दाहाल वि. हामा आयल प्रा.लि., राजाराम श्रेष्ठ वि. हामा आयल प्रा.लि.*

निवेदक उद्योग स्वीकृत लिनुपर्ने निकायबाट स्वकित लिई विधिवत् रूपमा २०५० सालदेखि सञ्चालनमा आएको मिति २०५१।५।२० को राजपत्रको सूचनाले निवेदकको हामा आयल प्रा.लि. रहेको स्थान संरक्षित क्षेत्रमा उल्लेख भएको र सो सूचनामा संरक्षित क्षेत्रमा रहेका उद्योग व्यवसायलाई अन्यथा गर्ने वा हटाउने सम्बन्धमा केही उल्लेख नभएको हुँदा निवेदकलाई पेट्रोलियम पदार्थ कारोबार गर्न पाउने हकबाट बञ्चित नगर्नु भनी विपक्षीहरूका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ।

इजलास अधिकृत : परशुराम भट्टराई

इजलास अधिकृत : शम्भुप्रसाद शाह

इति संवत् २०६७ साल असार ३१ गते रोज ५ शुभम् ।

- यसमा यसै लगाउको २०६२ सालको दे.पु.नं. ८६८६, निषेधाज्ञा, *उमेशप्रसाद दाहाल वि. हामा आयल प्रा.लि., राजाराम श्रेष्ठ वि. हामा आयल प्रा.लि.* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०५९ सालको दे.पु.नं. ८८२८, परमादेश, *नरबहादुर गुरूङ वि. भूमिसुधार कार्यालय चितवन समेत*

निवेदनमा उल्लिखित जग्गाको बाँडफाँड गर्ने निर्णय प्रस्तुत निवेदनबाट उत्प्रेषणको आदेश जारी गरी बदर गर्नसक्ने अवस्था नरहेको र आफ्नो हकमा आइनसकेको जग्गाको सम्बन्धमा मुद्दा गर्ने हकदैया निवेदकलाई नहुने ।

इजलास अधिकृत : कृपासुर कार्की

कम्प्युटर : विदुषी रायमाझी

इति सम्वत् २०६६ साल भदौ १५ गते रोज २ शुभम् ।

४

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६१ सालको रिट नं. २९६७, उत्प्रेषणयुक्त परमादेश, *नरबहादुर गुरूङ वि. जिल्ला प्रशासन कार्यालय, चितवन समेत*

भूमिसम्बन्धी ऐनको प्रतिकूल मोहीको आफ्नो ४ बिगाहाभन्दा बढी जग्गा देखिएकाले कारवाही गरिपाऊँ भन्ने मिति २०५७।५।५ को निवेदन दर्ता गरेकोमा सो निवेदनउपर कारवाही नगरी यी निवेदकलाई सो सम्बन्धमा नबुझी मोही जनिएको ठगाराम २०४८ सालमा छुट्टिभिन्न भएका छोराहरूका नाउँमा मोही नामसारी हुने नहुने र विवादित जग्गा बाँडफाँड हुने नहुने भन्ने सम्बन्धमा निर्णय गर्नु पर्नेमा सो नगरी गरेको मिति २०५८।१०।२३ को भूमिसुधार कार्यालय चितवनको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : कृपासुर कार्की

कम्प्युटर : विदुषी रायमाझी

इति सम्वत् २०६६ साल भदौ १५ गते रोज २ शुभम् ।

५

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं. ३५५७, उत्प्रेषणयुक्त परमादेश, *जमुनादेवी उप्रेती वि. मालपोत कार्यालय झापा समेत*

विषयवस्तुको तथ्य, कानूनी व्यवस्था एवं यस अदालतबाट स्थापित सिद्धान्त समेतको आधारमा साविक दर्ता स्रेस्ताविपरीत व्यक्ति विशेषको निजी हक भागको जग्गा नापी टोलीबाट नाप नक्सा गरेकै आधारका सार्वजनिक बाटोमा दर्ता

गर्ने गरेको मालपोत कार्यालय झापाको मिति २०६१।११।२६ को निर्णय कानूनविपरीत देखिँदा सो निर्णय र सोसँग सम्बन्धित विपक्षीहरूका सम्पूर्ण काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : उद्धब गजुरेल

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल बैशाख १२ गते रोज १ शुभम् ।

यसमा यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६२ सालको दे.पु.नं. ३५५४, उत्प्रेषणयुक्त परमादेश, *पुण्यप्रसाद प्रसाई वि. मालपोत कार्यालय दमक, झापा समेत*
- २०६२ सालको दे.पु.नं. ३५५५, उत्प्रेषणयुक्त परमादेश, *भीमप्रसाद प्रसाई वि. मालपोत कार्यालय दमक, झापा समेत*
- २०६२ सालको दे.पु.नं. ३५५६, उत्प्रेषणयुक्त परमादेश, *रमादेवी प्रसाई वि. मालपोत कार्यालय दमक, झापा समेत*

६

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६६-WO-५९९, उत्प्रेषण, *राम डंगोल वि. आवास तथा भौतिक योजना मन्त्रालय समेत*

नगर जग्गा एकीकरण आयोजनाको निर्णयपश्चात् विपक्षीहरू बीच जग्गा रजिष्ट्रेशन पारित गरी लिनु दिनु भै तेस्रो व्यक्तिको हक स्थापित भैसकेको भन्ने मिसिल कागजबाट देखिएको तथा आयोजनाको कार्य नै समाप्त भैसकेको अवस्थामा निवेदकको माग दावीको औचित्य समेत समाप्त भैसकेको देखिएको र निवेदकले कुन मितिको निर्णय बदरको माग गरेको भन्ने पनि स्पष्ट दावी लिन नसकेको अवस्थामा अदालतले अनुमानको भरमा मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : उद्धब गजुरेल

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल बैशाख १२ गते रोज १ शुभम् ।

- यसमा यसै प्रकृतिको २०६१-WO-३२०२, उत्प्रेषण, *राम डंगोल (महर्जन) वि. आवास तथा भौतिक योजना मन्त्रालय समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

७

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६१ सालको रिट नं. ३५४८, उत्प्रेषण परमादेश, *कीर्तिनारायण महर्जन वि. पुनरावेदन अदालत पाटन समेत*

लिलामी कार्यको शुरूवात भई अन्य प्रक्रियागत कुराहरू बाँकी नै रहेको स्थितिमा बिगो भरी भराउको सम्पूर्ण काम कारवाही सम्पन्न भैसकेको सरह मानी ऋणीले दाखिल गरेको नगदै रकमबाट वादीले आफ्नो बिगोबापत कानूनबमोजिम भुक्तानी लिन पाउने ।

धनीको मुख्य उद्देश्य नै रकम पाउने भएको र रकम फिर्ता बुझाउन ऋणी तयारै रहेको अवस्थामा रकम तिर्ने बुझाउने प्रक्रियामा अदालत बाधक बनी प्राविधिक कुराहरूलाई आधार लिई अन्यथा गरी कसैलाई घरबासबाट बिमुख बनाउदा न्यायप्रति बितृष्णा उत्पन्न हुने स्थिति सिर्जना हुन जाने ।

इजलास अधिकृत : रमेशप्रसाद ज्ञवाली

कम्प्युटर : भवानी ढुंगाना

इति संवत् २०६६ साल कात्तिक २२ गते रोज १ शुभम् ।

- यस्तै प्रकृतिको २०६१ सालको रिट नं. ३०९५, उत्प्रेषण परमादेश, *दशमाया महर्जन समेत वि. पुनरावेदन अदालत पाटन समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

८

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं. ०८४३, उत्प्रेषण मिश्रित परमादेश, *प्रदीपकुमार श्रेष्ठ वि. गृह मन्त्रालय समेत*

कानूनबमोजिम गठित समितिले विस्तृत अनुसन्धान गरी निवेदक समेतलाई दोषी देखाई दिएको सिफारिशको आधारमा आवश्यक कारवाहीको आधार र कारण खुलाई सजाय प्रस्ताव गरी स्पष्टीकरण मागी सफाई पेश गर्ने मौका समेत प्रदान गरी प्रहरी नियमावली, २०४९ को नियम

८८(९) को कसूरमा सोही नियमावलीको ८४(छ) बमोजिम निवेदकलाई भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी मिति २०६१।१२।११ तथा २०६३।३।२१ मा भएको निर्णयमा कुनै कानूनी त्रुटि नदेखिँदा निवेदन मागबमोजिम रिट जारी गर्न नमिल्ने ।

इजलास अधिकृत : अम्बिका निरौला

इति संवत् २०६७ साल असार २१ गते रोज २ शुभम् ।

९

**मा.न्या. श्री रणबहादुर बम र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६५-CR-०६१४, लागू औषध खैरो हिरोइन, *सलमा खातुन वि. नेपाल सरकार*

गम्भीर प्रकृतिका फौजदारी मुद्दाहरूमा कसूर अपराधको वर्गीकरण गरी कसूर कायमको लागि कानूनमा नै निश्चित मापदण्डहरू निर्धारण गरिएको हुन्छ । कानूनद्वारा निषेध गरिएका कार्य कुनै व्यक्तिले गर्दछ भने तिनै निश्चित कानूनी मापदण्डका आधारमा सो व्यक्ति कसूरको भागीदार हुन्छ । लागू औषधको अवैध कारोबारलाई अन्तर्राष्ट्रिय स्तरको एक सँगठित अपराधको रूपमा लिइन्छ । यही सँगठित अपराध गिरोहको सञ्जालभित्रका सदस्यहरूले गरेको लागू औषधको अवैध कारोबारमा सलग्न कुनै व्यक्तिको साथबाट त्यस्तो निषेधित लागू औषध बरामद हुन्छ भने सो बस्तु नै कसूर कायम हुने सबूद प्रमाणको बरामदी हो ।

अनुसन्धान तहकिकातबाट कसैको घर, कोठा वा शरीरबाट बरामद भएको लागू पदार्थ निषेधित तवरबाट खरीद बिक्री, सञ्चय र ओसारपसार आदि गरेको वा गर्न भनी सञ्चय गरेको देखिन आएको अवस्थामा मुख्य व्यक्ति अर्को हो भनी उल्लेख गर्दैमा निर्दोषिताको आधार हुन सक्दैन । बिक्री गर्न निकासी पैठारी गर्ने उद्देश्यले लागू औषध आफ्नो साथमा राखी भारत र नेपालको सीमाना हुँदै नेपाल प्रवेश गरेपछि लागू औषधसहित पक्राउ परेको भन्ने तथ्य निजै प्रतिवादी सलमा खातुनको अनुसन्धान अधिकारी र अदालतसमक्षको बयान र बरामदी मुचुल्का समेतबाट खुलेको र निजको बयान अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि भइरहेको हुँदा निज कसूरदार होइनन् भन्न नमिल्ने ।

इजलास अधिकृत : दीपक ढकाल

इति सवत् २०६७ साल साउन २७ गते रोज ५ शुभम् ।

१०

**मा.न्या. श्री रणबहादुर बम र मा.न्या. श्री प्रकाश वस्ती,** २०६१ सालको दे.पु.नं. ८५४५, निर्णय दर्ता बदर दर्ता, *महात्तम अहिरनी समेत वि. भगौली अहिर*

२०३२ सालको अंश मुद्दाको फैसलाबमोजिम भएको मुचुल्का एवं २०३४ सालको मिलापत्र समेतबाट वादी दावीका कित्ता नम्बरका जग्गाहरूमा वादी एवं पुनरावेदकको हक स्थापित भएको अवस्थामा केवल हदबन्दीको कारणले वादी पक्षले तत्काल दाखिल खारेज नामसारी गर्न नसके पनि हदबन्दीमा नपरी फुकुवा भएपछि जग्गाका दर्तावाला रामराजका नाउँबाट प्रतिवादीहरूले एकलौटी आफ्ना नाउँमा गराएको नामसारी दर्ता निर्णय एवं दर्ता समेत कायम रहन नसक्ने हुँदा यी पुनरावेदक वादी भगौती अहिरले २०३४ सालको अंश मुद्दामा भएको मिलापत्रबमोजिम प्राप्त गरेको जग्गाहरू प्रतिवादीहरूको नाउँमा दर्ता गर्ने मिति २०५८।१।९ मा भएको निर्णयबमोजिम भएका दर्ताहरू बदर गरी वादी दावी भगौती अहिरले दर्ता गराई लिन पाउने ।

इजलास अधिकृत : बिमल पौडेल

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०६६ साल चैत ३० गते रोज २ शुभम् ।

- यसमा यसै लगाउको २०६१ सालको दे.पु.नं. ८५४६, निर्णय दर्ता बदर दर्ता, *महात्तम अहिरनी समेत वि. मोती अहिर*

११

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६५-CR-०४०१, लागू औषध, *हरिमान जोशी वि. नेपाल सरकार*

लागू औषध कारोबारमा संलग्न यी पुनरावेदक (प्रतिवादी) हरिमान जोशीलाई दशीसाथ पक्राउ परेका रानिल राई र चन्द्रप्रभात श्रेष्ठले पोल गरेका र सो पोलबमोजिम आफू पनि लागू औषध

कारोबारको गिरोहमा संलग्न रहेको छु भनी मौकामा साबिती भएको देखिँदा निजले अभियोग दावीबमोजिम कसूर गरेका होइनन् भन्न नसक्ने हुँदा प्रतिवादी हरिमान जोशीलाई अभियोगपत्र माग दावीबमोजिम लागू औषध खैरो हिरोइनको कारोबारमा संलग्न रही लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा ४(घ) र (च) को कसूरदार कायम भै सजाय हुने ।

इजलास अधिकृत : हरिराज कार्की
इति संवत् २०६७ साल बैशाख २९ गते रोज ४ शुभम् ।

१२

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री गिरीशचन्द्र लाल,** ०६३-CI-०९२७, CI-०९२८, बाली बिगो, *रीताकुमारी कर्ण दास समेत वि. जीवछलाल दास, जिवछलाल दास वि. रीताकुमारी कर्ण दास*

तीन सालको बालीमा दावी भए तापनि खिचोला मुद्दामा मिति २०५८।६।१३ मा नक्सा मुचुल्का हुँदा यो साल सुख्खा मौसमको कारणले अन्न बाली नलगाई काँस (खर) पालेका छन् भनी २०५८ सालको बाली प्रतिवादीहरूले नलगाएको तथ्य वादीले स्वीकार गरी लेखाएको पाइँदा बाली नै नलगाएको सालको बाली भरी पाउँछ भन्न कानूनसम्मत नहुने ।

इजलास अधिकृत : अम्बिका निरौला
इति संवत् २०६७ साल जेठ ३० गते रोज १ शुभम् ।

१३

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६१ सालको दे.पु.नं. ८६११, संयुक्त दर्ता फुटाई दर्ता, *हरिनारायण यादव वि. कमलीदेवी यादव*

विवादित जग्गाको नक्सा गरी सो नक्साको आधारमा न्यायिक निरोपण हुनसक्ने विषयवस्तु रहेको विवादमा बिना नक्सा दर्ता फुटाउने गरी भएको फैसला मिलेको नदेखिँदा बदर हुने ।
इजलास अधिकृत : अम्बिका निरौला
इति संवत् २०६७ साल जेठ ३० गते रोज १ शुभम् ।

१४

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६५ सालको दे.पु.नं. ०१५०, लिखत बदर, *शिवचन्दर महतो मुडियारी वि. महेश महतो*

जुन लिखत जालसाजी घोषित गरिपाऊँ भनी दावी लिएको थियो, सो फिराद दावी नै हदम्यादको कारण खारेज भई अन्तिम भइरहेको स्थितिमा सोही मिति २०५८।१।३ मा पारित लिखतलाई बदर गरी पाउन मिति २०६१।६।७ मा परेको फिराद लेनदेन व्यवहारको ४० नं. ले निर्दिष्ट गरेको हदम्याद दुई वर्षभित्र दायर भएको देखिन नआउने हुदा खारेज हुने ।
इजलास अधिकृत : अम्बिका निरौला
कम्प्युटर : शम्भुप्रसाद शाह
इति संवत् २०६७ साल जेठ ३० गते रोज १ शुभम् ।

१५

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री सुशीला कार्की,** २०६५-CR-०४७८, जबर्जस्ती करणी, *सन्तोष पुन: वि. नेपाल सरकार*

सम्भावित सजायबाट उन्मुक्ति पाउन प्रतिवादीले आफ्नो निर्दोषिता प्रकट गर्न खोज्नु स्वाभाविक हो, त्यो मानवीय स्वभाव पनि हो । न्यायसम्बन्धी हकले पनि आफ्नो विरूद्ध बयान दिन कर नलाग्ने सुविधा प्रदान गरेको छ । तर कुनै पनि कानूनले अपराध गर्ने छूट कसैलाई दिएको छैन । दोषी वा निर्दोषी छुट्ट्याउने आधार भनेका संकलित प्रमाणहरू हुन् । प्रमाणहरू कमजोर र विवादित छन् र ती प्रमाणले कसूर स्थापित गर्न सक्दैनन् भने सो अवस्थामा मात्र निर्दोषिता सावित गर्न प्रतिवादीको इन्कारी बयान सहायकसिद्ध हुन सक्ब्दछ । कसूर प्रमाणित हुने यथेष्ट सबूद मौजूद रहेको अवस्थामा इन्कारी बयान निर्दोषिता साबित हुने एक मात्र आधार हुन नसक्ने ।

प्रतिवादी सन्तोष पुनले जबर्जस्ती करणीको कसूर गरेको शंकारहित तवरबाट पुष्टि हुन आएको देखिँदा निजलाई मुलुकी ऐन, जबर्जस्ती करणीको महलको ३(३) नं बमोजिम ५ वर्ष कैद सजाय र सामुहिक रूपमा करणी गरेमा

सोही महलको ३क नं. बमोजिम थप ५ वर्ष कैद समेत गरी १० वर्ष कैद सजाय समेत गरी सोही महलको १० नं. बमोजिम प्रतिवादीको आधा अंश सर्वस्व गरी पीडित ख कुमारीलाई भराई दिनुपर्ने ।

इजलास अधिकृत : दीपक ढकाल

इति संवत् २०६७ साल असार १६ गते रोज ४ शुभम् ।

१६

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री सुशीला कार्की,** २०६४-CI-०३८६, निषेधाज्ञा, *पुर्खलाल विश्वकर्मा वि. शेरबहादुर विश्वकर्मा*

पूर्वोक्त मुद्दामा मागबमोजिम निषेधाज्ञा जारी नभएको अवस्थामा निवेदकको भनाई सही सत्य भए उक्त मुद्दामा निवेदकले उल्लेख गरेको आशंकाको स्थितिको परिणति के भयो सो समेत नखुलाई पुनः सोही विषयमा सोही विपक्षीमाथि प्रस्तुत निवेदन दायर गरेको अवस्थामा निषेधाज्ञा जारी हुनुपर्छ भन्न मिलेन । निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिएकोले निवेदन खारेज हुने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल माघ ७ गते रोज ५ शुभम् ।

१७

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. CI-०७५४, ०१४८, अंश चलन, *इन्दिरा श्रेष्ठ वि. प्रद्युम्नदाश श्रेष्ठ, शान्तकमल श्रेष्ठ वि. इन्दिरा श्रेष्ठ*

अशवण्डा हुनुपर्ने भनी दावी लिएको कि.नं. १३४ र प्रतिवादीले अंश नलाग्ने भनी जिकीर लिएको कि.नं. १३५ को जग्गा साविक कि.नं. ३७ बाट कित्ताफोड भै कायम भएको भन्नेमा विवाद छैन । सा.कि.नं. ३७ को जग्गा प्रतिवादी शान्तकमल श्रेष्ठले बसुनारायण महर्जनबाट मिति २०३३।२।१० मा बकसपत्रबाट पारित गरी लिएको भन्नेमा पनि विवाद छैन । मुलुकी ऐन, अंशबण्डाको महलको १८ नं. मा मिति २०३४।९।२७ मा संशोधन हुनुपूर्व बकसपत्रबाट सगोलका अंशियारका नाममा कायम हुन आएका जग्गा सबै अंशियारको हक लाग्ने कानूनी व्यवस्था भएको पाइन्छ । मिति २०३४।९।२७ मा अंशबण्डाको महलको १८ नं. संशोधन भएपश्चात् मात्र बकसपत्र लिखतबाट प्राप्त जग्गा बकसपत्र पाउनेको एकलौटी हुने हक अरू अंशियारलाई बण्डा नलाग्ने व्यवस्था लागू भएको पाइँदा बकसपत्रबाट प्राप्त उक्त जग्गाहरू वादी समेतको अंश हक लाग्ने ।

प्रतिवादी शान्तकमल श्रेष्ठका नाममा मिति २०४४।५।२ मा हालैको बकसपत्र लिखतद्वारा प्राप्त हुन आएको देखिँदा अंशबण्डाको महलको १८ नं. मा मिति २०३४।९।२७ मा भएको संशोधित व्यवस्थाबमोजिम निज शान्तकमल श्रेष्ठको एकलौटी हक हुने अरू अंशियारलाई बण्डा गर्नु नपर्ने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी

कम्प्युटर : बिपनादेवी मल्ल

इति संवत् २०६७ साल असार २ गते रोज ४ शुभम् ।

- यसमा यसै लगाउको २०६४ सालको दे.पु.नं. CI-०७५५, CI-०१४९, अंश चलन, *प्रद्युम्नदाश श्रेष्ठ वि. शान्तकमल श्रेष्ठ, शान्तकमल श्रेष्ठ वि. प्रद्युम्नदाश श्रेष्ठ* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

१८

**मा.न्या. श्री मोहनप्रकाश सिटौला र मा.न्या. श्री प्रकाश वस्ती,** २०६३ सालको दे.पु.नं. ९७९६, निर्णय बदर, *शालिकराम श्रेष्ठ वि. बालकृष्ण श्रेष्ठ समेत*

घरसारको बण्डापत्रबमोजिम वादीको अंश भागमा परेको का.जि.का.म.न.पा. वडा नं. २० कि.नं. ७२० को घर जग्गामध्ये १ नालमा छिँडी तल्लाको उत्तरतर्फको पसल कवल ६ समेत सबै भाग का.जि.का.म.न.पा. वडा नं नं. २० कि.नं. ७२० को क्षे.फ. ०-२-०-२ मा प्रेमकृष्ण श्रेष्ठले आफ्नो नाममा मिति २०४४।१।२५ मा दर्ता गरी लिएको हुँदा वादीको भागसम्मको सो दर्ता बदर हुने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

कम्प्युटर : सुदीप पंज्ञानी

इति संवत् २०६७ साल जेठ २३ रोज १ शुभम् ।

- यसमा यसै लगाउको २०६२ सालको दे.पु.नं. ९७९५, दाखिल खारेज निर्णय बदर, *शालिकराम श्रेष्ठ वि. बालकृष्ण श्रेष्ठ समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

१९

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या. श्री प्रकाश वस्ती**, २०५९ सालको दे.पु.नं. ९२८०, दोहोरो लगत कट्टा हक कायम, *न्हुच्छेराज शाक्य समेत वि. आशिष बिष्ट समेत*

पेश भएका प्रमाणले ठोस रूपमा दर्ता कायम हुनुपर्ने आधार नदिएसम्म केवल पहिले दर्ता गराएको कारणले मात्रै स्वामित्व प्राप्त हुन्छ भनी मान्नु न्यायसंगत नहुने ।

प्रत्यर्थीहरूको जग्गा दाता क्षेत्रकुमारी बिष्टको नाममा जग्गा दर्ता गर्ने भूमि प्रशासन कार्यालय ललितपुरको मिति २०२६।८।२० को निर्णयमा निजको नाममा जग्गा दर्ता गर्न लिइएका आधारहरू बलियो देखिएको, वादी दावीबमोजिम गुठी कायम हुनसक्ने गरी गुठीको साविकको लगत समेत नदेखिएको, आफ्नो नाममा दर्ता कायम भएपछि कानूनबमोजिम प्रतिवादीहरूलाई जग्गाधनी क्षेत्रकुमारी बिष्टले हक हस्तान्तरण गर्ने लिखत पारित गरिदिएको र सोही लिखतको आधारमा प्रतिवादीहरूका नाममा नामसारी भएको र विवादित जग्गामा नक्सापास गरी घर बनाएकोमा सोउपर वादीले घर भत्काई पाऊँ भनी मौकामा उजूरसम्म गर्न नसकेको अवस्थामा प्रतिवादीहरूको नाममा कायम रहेको दर्तालाई परिवर्तन गरिरहनु पर्ने अवस्था देखिन नआउने ।

इजलास अधिकृत : श्रीप्रकाश उप्रेती

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६६ साल माघ १२ गते रोज ३ शुभम् ।

यसमा यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०५९ सालको फौ.पु.नं. ३२७८, जालसाजी, *न्हुच्छेराज शाक्य समेत वि. आशिष बिष्ट समेत*
- २०५९ सालको दे.पु.नं. ९२७९, हक कायम, *न्हुच्छेराज शाक्य समेत वि. आशिष बिष्ट समेत*
- २०५९ सालको दे.पु.नं. ९२८१, लिखत दर्ता बदर, *न्हुच्छेराज शाक्य समेत वि. आशिष बिष्ट समेत*
- २०५९ सालको दे.पु.नं. ९२८२, लिखत दर्ता बदर *न्हुच्छेराज शाक्य समेत वि. आशिष बिष्ट समेत*
- २०५९ सालको दे.पु.नं. ९२८३, हक कायम, *न्हुच्छेराज शाक्य समेत वि. ईश्वरी खड्का*

२०

**मा.न्या. श्री गिरीशचन्द्र लाल र मा.न्या. श्री सुशीला कार्की,** २०६२ सालको फौ.पु.नं. ३६६२, बहुविवाह, *नेपाल सरकार वि. राजु थापा समेत*

सर्वोच्च अदालतबाट बहुविवाह मुद्दाहरूका सम्बन्धमा ने.का.प. २०६४ अङ्क ९ पृ. ११२६८ को मुद्दामा प्रतिपादित सिद्धान्तअनुसार प्रतिवादीहरूलाई एकातिर सजाय गर्नुपर्ने अवस्था देखिन्छ भने प्रत्यर्थीहरूले नै पेश गरेको मिसिल संलग्न मिति २०५६।२।२४ मा फैसला भएको २०५१ सालको फौ.पु.नं. ९२५ को मुद्दामा प्रतिपादित सिद्धान्तअनुसार सम्बन्ध बिच्छेद भैसकेको अवस्थामा दोस्रो विवाह गरेको भनी सजाय गर्नु न्यायोचित हुन नसक्ने भनी फैसला भएको देखिन आएकोले प्रस्तुत मुद्दामा कानूनको व्याख्या एवं कानूनी सिद्धान्तको सम्बन्धमा दुई इजलासको राय भिन्न-भिन्न भएको अवस्था देखिनुका साथै प्रस्तुत मुद्दामा समावेशित जटिल कानूनी प्रश्नको निर्णय पूर्ण इजलासबाट हुन उपयुक्त देखिन आयो । त्यसकारण सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ को खण्ड (ख) र (घ) बमोजिम प्रस्तुत मुद्दाको संयुक्त इजलासको लगत कट्टा गरी पूर्ण इजलासमा पेश गर्नू ।

इपलास अधिकृत : नारायिणप्रसाद पराजुली

कम्पयुटर : विदुषी रायमाझी

इति संवत् २०६७ साल बेशाख १६ गते रोज ५ शुभम् ।

२१

**मा.न्या. श्री गिरीशचन्द्र लाल र मा.न्या. श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. ०१२७, नामसारी, *बिन्देश्वर राय यादव वि. प्रगास राय यादव*

जीउनीबापत राखेको सम्पत्ति यसले खानु भन्ने लिखत नभएपछि जीउनी राख्ने व्यक्तिको मृत्युपश्चात् अपुतालीको १, २ तथा अंशबण्डाको १४ नं. समेतले मृतक कलावती देवीका छोराहरू वादी प्रतिवादी दुबै जनाले उक्त आधा-आधा भाग गरी बाँडी लिन पाउने नै देखिने ।

इजलास अधिकृत : अम्बिका निरौला

कम्प्युटर : शम्भुप्रसाद शाह

इति संवत् २०६७ साल असार ३ गते रोज ५ शुभम् ।

२२

**मा.न्या. श्री गिरीशचन्द्र लाल र मा.न्या. श्री प्रकाश वस्ती,** २०६५ सालको फौ.पु.नं ०१४५, अपहेलना, *हेमप्रसाद भट्टराई वि. शंकरप्रसाद चौधरी समेत*

आर्थिक स्रोत जुटेपछि वा सरकारबाट निकासा भई आएपछि निवेदकले पाउनु पर्ने सम्पूर्ण तलव र सुविधा उपलब्ध गराउने नै छु भनी उल्लेख भएबाट अदालतको आदेश पालना नै नगर्ने र निवेदकले पाउने तलब भत्ता पाउने नपाउने भन्ने विपक्षीको लिखित जवाफबाट नदेखिँदा समयमा नै तलब भत्ता नपाएको विषयलाई अदालतको अपहेलनाको विषय हो भन्न नमिल्ने ।

इजलास अधिकृत : अम्बिका निरौला

कम्प्युटर : शम्भुप्रसाद शाह

इति संवत् २०६७ साल असार ३ गते रोज ५ शुभम् ।

२३

**मा.न्या. श्री गिरीशचन्द्र लाल र मा.न्या. श्री प्रकाश वस्ती,** २०६६-CR-००८०, ००९६, ००९७, अदालतको अपहेलना, *फुलिया कुर्मी समेत वि. मतौवा कुर्मी, सुरेश सिँह ठाकुर वि. मतौवा कुर्मी, टीकाराम कुर्मी वि. मतौवा कुर्मी*

अदालतबाट जारी भएका आदेश पालना गर्नु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हो । जारी भएको आदेशको वैधतामाथि प्रश्न उठाई त्यस्तो आदेशको अवज्ञा गर्ने अधिकार कसैलाई छैन र हुँदैन पनि । आदेशमा कानूनी त्रुटि छ भने सो बदर गराउन त्यस आदेशको वैधता जाँच्ने माथिल्लो निकायमा कानूनले निर्देश गरेको बाटो अवलम्बन गर्नुपर्ने हुन्छ । कानूनी बाटो अवलम्बन नगरी जारी भएका आदेश तथा सो आदेशको सूचना बुझ्न इन्कार गरी अदालतले रोक्नु भनी निर्देश गरेको आदेशको पालना नगरी विवादित पर्खाल भत्काएको विपक्षीहरूको कार्यबाट आदेशको अवज्ञा हुन गएको स्पष्ट हुने हुदा न्याय प्रशासन ऐन, २०४८ को दफा १८(२) बमोजिम जनही रु ५०। जरीवाना हुने ।

इजालास असधिकृत : अम्बिका निरौला

इति संवत् २०६७ साल असार ३ गते रोज ५ शुभम् ।

२३

**मा.न्या. श्री गिरीशचन्द्र लाल र मा.न्या. श्री प्रकाश वस्ती,** २०६३ सालको फौ.पु.नं. ३७७७, लुटपीट, *राजाराम भट्टराई वि. पशुपति विकास कोष समेत*

पशुपति क्षेत्रको वातावरणमा नकारात्मक प्रभाव आउन नदिने उद्देश्यले स्वीकृत मापदण्ड विपरीत हुने गरी निर्माण गरिएको टहरा भत्काउन सूचित गरिएकोमा सो सूचनालाई अटेर गरेको कारण उक्त टहरामा भएका सामानको प्रहरीको रोहबरमा मुचुल्का खडा गरी सामान लिन आएका बखत प्राप्त गर्न सकिने गरी उक्त टहरा भत्काएको कार्यलाई कानूनविपरीतको कार्य भन्न मिलेन । जुन कार्य कानूनविपरीतको देखिदैन भने सोही कार्यबाट सिर्जित परिणामलाई लुटपीटको संज्ञा दिन नमिल्ने ।

इजलास अधिकृत : अम्बिका निरौला

कम्प्युटर : शम्भुप्रसाद शाह

इति संवत् २०६७ साल असार ३ गते रोज ५ शुभम् ।

२४

**मा.न्या. श्री गिरीशचन्द्र लाल र मा.न्या. श्री प्रकाश वस्ती,** २०६५ सालको CR-०६५०, अदालतको अपहेलना, *विश्वम्भर लाल शर्मा वि. अनमोल बैंकेट एण्ड इन्भेष्ट प्रा.लि. नारायणचौर नक्साल समेत*

कुनै व्यक्तिले अदालतको काम कारवाहीमा कुनै अवरोध वा व्यवधान उत्पन्न गर्ने अदालतबाट जारी भएका कुनै आदेशको अवज्ञा गर्ने कार्य गरेको छ भने त्यस्ता अवस्थाहरूमा अदालतको अपहेलना गरेको मानिने हो । निवेदकले पेश गरेको लोगोको फोटो अन्तरिम आदेश हुनु पूर्वको हो वा

आदेशपश्चात्को हो सो केही खुलाउन सकेको पाइदैन । निवेदकले पेश गरेको फोटोलाई मात्र कसूर ठहर हुने एक मात्र आधारको रूपमा लिई त्यसलाई मात्र प्रमाण मानी अदालतबाट जारी भएको अन्तरिम आदेशको अवज्ञा गरेको भन्न नमिल्ने ।

इजलास अधिकृत : अम्बिका निरौला

कम्प्युटर : शम्भुप्रसाद शाह

इति संवत् २०६७ साल असार ३ गते रोज ५ शुभम् ।

२५

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या श्री भरतराज उप्रेती,** २०६३ सालको फौ.पु.नं. ३८०२, ३८०३, ३८०४, ३८०५, ज्यान मार्ने उद्योग, तसलिम *शेष वि. नेपाल सरकार, अजिजुल अन्सारी वि. नेपाल सरकार, सलिम मियाँ वि. नेपाल सरकार, लतिफ अन्सारी वि. नेपाल सरकार*

आरोपित कसूर गरेको भनी सजायको माग दावी गर्ने वादी पक्षले निजहरूको हकमा लिएको अभियोग दावी सबूद प्रमाण समेत पेश गरी शंकारहित तवरले पुष्टि गराउन सकेको अवस्थामा अभियोग पत्रमा नाम उल्लेख भएकै आधारमा मात्र निज प्रतिवादीहरूलाई ज्यान मार्ने उद्योग जस्तो गम्भीर प्रकृतिको फौजदारी अपराधमा कसूरदार ठहऱ्याउन कानून र न्यायसम्मत नदेखिने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल पुस ८ गते रोज ४ शुभम् ।

## एकल इजलास

१

**मा.न्या. श्री रणबहादुर बम,** २०६६-WO-१२७८, उत्प्रेषण परमादेश, *बालचन्द्र लाल कायस्थ वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

अधिकारप्राप्त अधिकारीले कानूनको रीत पुऱ्याई गरेको सरूवालाई अन्यथा भन्न सकिने अवस्थगा नदेखिँदा विपक्षीहरूको नाममा कारण देखाउ आदेश जारी गरी निजहरूबाट लिखित जवाफ मगाइरहनु पर्ने सम्मको अवस्था विद्यमान देखिन नआएबाट प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : उद्धब गजुरेल

कम्प्युटर : रानु पौडेल

इति संवत् २०६७ साल असार १६ गते रोज ४ शुभम् ।